रेल दुर्घटनामा चालकको लापर्वाही : रेलमन्त्री | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २७८ • २०८० साल फाल्गुन २२ गते मंगलबार (5 March, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपा र जनमतको विवादले लोसपा निर्णायक

**टुडे समाचारदाता**

जनकपुरधाम। संघीय गठबन्धन परिवर्तन भएसँगै मधेश प्रदेशमासमेत नयाँ गठबन्धनको संभावना बढेको छ । मधेश प्रदेशमा हाल जनता समाजवादी पार्टी(जसपा)को नेतृत्वमा सरकार रहेको छ।

सरकारलाई नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा), माओवादी, नेकपा एसलगायत केही स्वतन्त्र र साना दलहरुको समर्थन रहेको छ।

मधेश प्रदेशमा नेकपा एमाले र जनमत पार्टी सरकार बाहिर रहेका छन् । संघीय गठबन्धनमा जान चाहेको जनमत पार्टीले भने मधेश प्रदेश सरकारको नेतृत्व पाउनुपर्ने शर्त अघि सारेको छ। जसपा र जनमतको विवाद भए लोसपा निर्णायक हुनेछ।

जसपा नेतृत्वको सरकार गत महिना छाडेको जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्वलाई 'बटमलाइन' बनाएर संघीय सरकारलाई समर्थन गर्ने बताएको छ। मधेश प्रदेश सरकारको नेतृत्व नपाए संघीय सरकारलाई समर्थन नगर्ने जनमतका नेताहरुले बताउन थालेका छन् ।

जसपाले पनि संघीय सरकारलाई समर्थनको 'बटमलाइन' बनाएको छ । त्यसका लागि माओवादी र एमाले सकारात्मक भएपछि सरकार गठनको प्रकृयामा जसपा सहभागि भएको छ।

कांग्रेसको २२, जसपाको २०, लोसपाको ९, एसको ७ ले नै सरकार बन्ने भएकाले संघीय गठबन्धनको सहमति बिपरीत पनि सरकारलाई मधेश प्रदेशमा जसपाले निरन्तरता दिन सक्छ। तर एमालेसित मिलेर सरकार बनाउन एमालेको २३, जसपाको २०, लोसपाको ९, माओवादीको ९ ले सरकार बनाउन सम्मानजनक संख्या पुग्ने छ । तर मधेश प्रदेशमा लोसपाले पनि मुख्यमन्त्रीमा चासो देखाए एमालेसितको गठबन्धनमा नेकपा एसको साथ अनिवार्य रुपमा चाहिनेछ । जसपा र एमाले अथवा जसपा र नेकाँको गठबन्धन बिना प्रदेशमा सरकार गठन गर्न सहज हुने देखिदैन् ।

संघीय सत्ता गठबन्धन परिवर्तनसँगै कोशी, गण्डकी, बागमती र सुदुरपश्चिममा सरकार संकटमा परेका छन् । एमालेसहितको सरकारमा नेकपा एसको सहभागिताको संभावना कमजोर छ। कोशी प्रदेशमा वर्तमान सरकारलाई निरन्तरता नदिए मध्यावधि चुनावमा जानुको विकल्प छैन् ।

बागमती प्रदेशमा पनि राप्रपाको समर्थन बिना सरकार टिक्न सक्दैन् । संघीय गठबन्धनमा राप्रपालाई नराख्ने निर्णय गरिसकेको नयाँ गठबन्धन दलहरुलाई प्रदेशमा राप्रपाले समर्थन गर्ने संभावना शून्य छ।

### संघीय गठबन्धनमा फेरबदल
# प्रधानमन्त्री प्रचण्डलाई एमाले, रास्वपा र जसपाको काँध

**टुडे समाचारदाता**


काठमाण्डु। संघीय सत्ता गठबन्धनमा फेरबदल भएसँगै सरकारबाट नेपाली कांग्रेस बाहिरिएको छ । सत्ता साझेदार कांग्रेसलाई हटाएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र जनता समाजवादी पार्टी(जसपा)लाई साथ लिएका छन् ।

गत महिना भारतको बिहारमा मुख्यमन्त्री नितिश कुमारले सत्तासाझेदार राष्ट्रिय जनता दल (राजद)लाई हटाएर भारतीय जनता पार्टी(भाजपा)सित मिलेर सरकारलाई निरन्तरता दिएका छन् ।

नेपालमा पनि नितिश कुमारको नीतिलाई अवलम्बन गर्दै प्रधानमन्त्री प्रचण्डले सत्ताको बागडोरलाई आफ्नै हातमा राखेको टिप्पणी राजनीति वृत्तमा भइरहेको छ।

प्रचण्डले पनि नितिश कुमारको 'फर मुला'लाई अनुशरण गर्दै संसदको पूर्णकाल प्रधानमन्त्री रहने भएका छन् । एमालेले साथ छाड्न खोजे काँग्रेसले तत्कालै काँध थाप्ने निश्चित रहेको नेताहरुले बताउन थालेका छन् ।

केही हप्तादेखि सत्ता गठबन्धनमा भएको खटपटले अन्ततः १० महिना पुरानो सत्ता साझेदारलाई हटाएर प्रधानमन्त्री प्रचण्डले फेरि एमाले र रास्वपाको



समर्थनमा सरकारको नेतृत्वलाई निरन्तरता दिएका छन् ।

गत वर्ष पुस ११ गते एमाले, रास्वपा, जसपा लगायतका दलहरुको सहयोगमा प्रधानमन्त्री बनेका प्रचण्डले तीन महिनापछि नै सत्ता साझेदार फेरेका थिए । कांग्रेस, जसपा, नेकपा एस, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), जनमत पार्टी सहितको समर्थनमा सरकारलाई निरन्तरता दिएका प्रचण्डले हाल फेरि एमाले र रास्वपाको समर्थनमा सरकारलाई अगाडि बढाएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमवार दिनभरि नै सत्ता गठबन्धनको बैठक चलेको थियो। बैठकमा प्रधानमन्त्री प्रचण्ड, एमाले अध्यक्ष केपी शर्मा ओली, रास्वपाका अध्यक्ष रवि लामिछाने र जसपाका अध्यक्ष उपेन्द्र यादवको सहभागिता थियो।

प्रधानमन्त्री प्रचण्डले एमाले, माओवादी र रास्वपाका एक/एक जना गरी तीन जनालाई मन्त्रीको सपथग्रहण गराए पनि विभाग तोकेका छैनन् ।

सत्ता साझेदार माओवादीको तर्फबाट वर्षमान पुन, एमालेबाट विष्णु पौडेल, रास्वपाबाट लामिछाने र जसपाबाट यादव रहेको ४ सदस्यीय कार्यदल गठन गरिएको छ । सो कार्यदलले नै मन्त्रीको संख्या, मन्त्रालय लगायतको टुंगो लगाइने बताइएको छ।

उच्चस्रोतका अनुसार एमाले, माओवादी, रास्वपा र जसपाले १/१ जना उपप्रधानमन्त्री पाउने पक्कापक्की नै छ। कार्यदलले सिफारिस गरे अनुसारको मन्त्रालयसहित उपप्रधानमन्त्रीको निर्णय हुनेछ।

एमाले र रास्वपाबीच गृह मन्त्रालयको विषयमा रस्साकस्सी छ । विगतमा उपप्रधानमन्त्री सहित गृह मन्त्रालय हाँकेका लामिछानेले त्यो नछाड्ने अडानमा कायम छन्।

एमाले पनि गृह मन्त्रालयमा चासो देखाएको छ । उपप्रधानसहित अर्थ मन्त्रालयमा विष्णु पौडेलको संभावना रहेको बताइए पनि गृह मन्त्रालय एमालेले नछाडने अडानबाट पछि नहटेकाले कार्यदलमा सहमति जुट्न सकेको छैन् ।

प्रधानमन्त्री प्रचण्डले पुनर्गठन गरेको मन्त्रिपरिषदमा तीन जना बिना विभागीय मन्त्री रहेका छन् । सबै मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्रीले नै लिएका छन् ।

राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनियुक्त बिना विभागिय मन्त्रीहरू हितबहादुर तामाङ, पदम गिरी र डोलप्रसाद आर्यालले नेपालको संविधानको धारा ८० बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको सपथ लिएका हुन् ।

राष्ट्रपति पौडेलले संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन पनि गरेका छन् । पुनर्गठित मन्त्रिपरिषदमा एमालेका पदम गिरि, माओवादीका हितबहादुर तमांग र रास्वपाका डोलप्रसाद अर्याल रहेका छन् ।

कार्यदलको सिफारिस अनुसार मंगलवारसम्म मन्त्रिपरिषदको विस्तार हुने संभावना रहेको छ । यस अघि सरकारमा रहेका कांग्रेस, लोसपा, जसपा, माओवादीका मन्त्रीहरुले राजीनामा नदिइकनै पदमुक्त भएका हुन्

### प्रतिनिधि सभामा दलगत स्थिति

एमाले- ७९, माओवादी-३२, रास्वपा-१९, जसपा-१२
कांग्रेस- ८९, राप्रपा-१४, एस-१०, जनमत-६, लोसपा-४
नाउपा-४, नेमकिपा-१, जमो-१, स्वतन्त्र-३
कुल-२७४(१ पद रिक्त)







# दश प्रकारका जडीबुटीलाई औषधिका रुपमा प्रवर्द्धन गर्न सकिने



काठमाण्डु । चन्द्रागिरि नगरपालिकाले प्राथमिकतामा परेका विभिन्न दश आयुर्वेदिक जडीबुटीको उद्यान एवं प्रशोशन केन्द्र निर्माण गर्ने भएको छ । हाल नगरपालिकाले चन्द्रागिरि-८ मातातीर्थमा सञ्चालित मातातीर्थ आयुर्वेद औषाधालयलाई १५ शय्यामा स्तरोन्नति गरिसकेको छ ।

नगरपालिकाले आफ्ना सामुदायिक वनभित्र रहेका आयुर्वेदिक प्रजाति सुगन्धवाला, चिराइतो, गुर्जो, तितेपाती, टिमुर, पाखानवेद, धासिङ्गरे, लौठसल्ला, पिपला र कौलोको संरक्षण, उपयोग एवं प्रवर्द्धन गर्न लागेको हो । यसका लागि नगरपालिकाले पहिलोपटक जडीबुटीको स्रोत सर्वेक्षण सम्पन्नसमेत गराएको छ। काठमाडौं उपत्यकाभित्रका नगरपालिकामध्ये चन्द्रागिरिले सम्भवतः पहिलोपटक सङ्घीय सरकारको 'जडीबुटी सर्वेक्षण मार्गदर्शन २०१२' अनुसार विज्ञ टोली मार्फत 'चन्द्रागिरि नगर क्षेत्रभित्र रहेका औषधीय तथा सुगन्धित जडीबुटीको वैज्ञानिक अध्ययन तथा लगत सङ्कलन सर्वेक्षण' गराएको थियो ।

चन्द्रागिरिका १५ सामुदायिक वन मध्ये जडीबुटी क्षेत्र पहिचान गरेका विभिन्न आठ वन सो सर्वेक्षणमा समेटिएका थिए। ती वन समूहमा मसिने, चन्द्रागिरि, मच्छेनारायण, चुनदेवी, गुमालचोक सचेत महिला, काफलडाँडा, रातमाटेडाँडा, जमुनाडाँडा वनक्षेत्रमा अध्ययन टोलीले वैज्ञानिक अध्ययन गरेको थियो ।

अध्ययनका क्रममा जडीबुटीहरूको भौगोलिक अवस्थितिलाई 'प्लटिङ' समेत गरिएको थियो ।

ती वन क्षेत्रका सात सय १३ हेक्टरमध्ये एक सयदेखि एक सय ५० हेक्टरमा जडीबुटी पाइएको थियो । सम्भावना बोकेका एकसय जडीबुटी, खेतीयोग्य ६० प्रकारका जडीबुटी र प्रमुख दश जडीबुटी तुरुन्तै प्रशोधन गरेर बजारमा लान सकिने अध्ययनका क्रममा देखिएको थियो ।

पाँच प्रकारका जडीबुटी (चिराइतो, सुगन्धवाला, टिमुर, पिपला र धासिङ्गरे) लाई खेती गर्न सकिने अनुसन्धान सर्वेक्षणले पुष्टि गरेको छ। ती जडीबुटी एउटै विधिद्वारा प्रशोधन गर्न सकिने जनाइएको छ। ती जडीबुटीबाट वार्षिक ५३ हजार केजी सङ्कलन सकिने अध्ययनले औँल्याएको छ।

सर्वेक्षणले वार्षिकरुपमा कम्तीमा रु ३५ लाख बराबरको जडीबुटी सङ्कलन गर्न सकिने, यदि ती जडीबुटी सङ्कलन नगर पनि बिरुवा मरेर नजाने, कुहिएर जाने तथा कुनै क्षति नपुऱ्याउने जनाइएको छ।

यसैबीच अध्ययन तथा लगत सङ्कलन सर्वेक्षण अध्ययन टोलीले चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीलाई आइतबार अध्ययन प्रतिवेदन हस्तान्तरण गऱ्यो । सो अवसरमा उहाँले औषधीय तथा सुगन्धित जडीबुटीको संरक्षण , सम्वर्द्धन तथा उपयोग गर्ने नीति नगरपालिकाले लिएको जानकारी दिँदै चन्द्रागिरिमा आयुर्वेद रिसर्च सेन्टर स्थापना गर्ने र मातातीर्थ आयुर्वेदिक औषधालयलाई आवश्यक पर्ने स्रोतलाई सुदृढ बनाउने बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले सामुदायिक वनको दीगो व्यवस्थापन एवं सदुपयोग गर्दै यसलाई आयआर्जनसँग जोड्न र जैविक विविधता संरक्षण गर्न नगरपालिकाले सहयोग गर्ने बताउनुभयो । मातातीर्थ आयुर्वेदिक औषधालयका प्रमुख डा नारायण अचार्यले पहिलोपटक गरिएको बहुआयामिक अध्ययनले चन्द्रागिरिमा प्रचुर मात्रामा औषधीय तथा सुगन्धित जडीबुटीको सम्भाव्यताको उजागर गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "औषधालयको आफ्नै जडीबुटी उद्यान बनाउने, प्रशोधन केन्द्र स्थापना गर्ने तथा औषधिसमेत उत्पादन गर्ने नीतिलाई सहयोग गर्ने छ।"

अध्ययन टोलीमा डा नवीन जोशी, स्नेहा बर्मा तथा शालिकराम कँडेल हुनुहुन्थ्यो । टोलीले सामुदायिक वनभित्रका जडीबुटीका स्रोत स्थानीयवासी, वनमा आश्रित समुदायका लागि नगद आम्दानीको महत्वपूर्ण स्रोत र जीविकोपार्जनको माध्यम बन्न सक्ने सुझाव दिएको छ । साथै स्थानीयस्तरमा जडीबुटीको खेती, दिगो विकास, प्रशोधन गरेर वन तथा जैविक विविधताको संरक्षण गर्दै स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने अवसर हुने पनि टोलीले निष्कर्ष निकालेको छ।

चन्द्रागिरिमा जडीबुटीका प्रजातिको व्यवस्थापन, खेती, दिगो व्यवस्थापनको सम्भावना औँल्याएको छ। यसैगरी सामुदायिक वन, निजी वन तथा निजीस्तरमा जडीबुटी खेती गर्ने प्रयोजनका लागि अध्ययनले थप प्रोत्साहन गरेको जनाइएको छ। रासस

# दुषित पानी पिउनुपर्ने बाध्यता हट्यो

**टुडे समाचारदाता**

मलंगवा घारिबथान, २१ फागुन - सर्लाहीको चुरेभेगस्थित दुर्गम क्षेत्रमा पर्ने ईश्वरपुर नगरपालिका-१२, गुइडुङ्ग गाउँमा खानेपानी पुर्याइएपछि स्थानीय दङ्ग परेका छन् ।

गाउँमा बस्ती बस्दादेखि खोला तथा कुवाको दुषित पानी पिउँदै आएका गुइडुङ्गवासी अहिले भने घरघरमै खानेपानीको धारा झरेपछि खुसीले दङ्ग परेका हुन् । जापान सरकार (यूएनडिपी) को आर्थिक तथा प्राविधिक सहयोगमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमार्फत भौगोलिक हिसाबले अत्यन्त विकट रहेको गुइडुङ्ग गाउँमा खानेपानी पुर्याइएको हो ।



गुइडुङ्ग गाउँकी राम्रीमाया थिङले घरमै खानेपानीको धारा झर्दा खुसीको सीमा नरहेको बताईन । "फूलजोर खोलाबाट कुवाको धमिलो पानी ल्याएर खानुपर्थ्यो अहिले त आँगनमा नै पानीको धारा झरेको छ," थिङले भनिन, "अब बाटो र गाडी आइदिए हामी अझ धेरै खुसी हुन्थ्यौं ।"

थिङका अनुसार गुइडुङ्गका स्थानीयले यसअघि चुरेडाँडामा रहेको बस्तीदेखि तल रहेको फूलजोर खोला नजिक र बस्तीमा रहेको कुवा तथा खोलाखोल्सीको दुषित पानी पिउँदै आएका थिए । हिउँदका केही महिना कुवा समेत सुक्दा स्थानीयमा खानेपानीको ठूलो समस्या पर्थ्यो ।

बस्तीकी बिमला योञ्जनले अब खोलाको पानी पिउनुपर्ने बाध्यता हट्दा अत्यन्त खुसी लागेको बताईन् । "कुवामा पानी कम हुँदा दुई/तीन घण्टा लगाएर खोलाको तातो र फोहोर पानी ल्याएर खान्थ्यौं, चैत, बैशाखतिर त्यही खोला पनि सुक्दा पानीको खोजीमा टाढाटाढासम्म भौतारिनु पर्थ्यो," योञ्जनले भनिन, "अहिले घरमै धारा आयो, पहिले जस्तो पानीको पिरलो गर्नुपरेको छैन् ।"

यस बस्तीका महिलासँग साना बालबालिका बोकेर दुई/तीनघण्टा धाएर खोला तथा कुवाको पानी ल्याएर खाएको अनुभव छ । कुवामा पानी कम हुँदा पालो लगाएर समेत पानी पिएको स्थानीयवासी एवं खानेपानी उपभोक्ता समितिका अध्यक्ष वीरबहादुर थिङले बताए ।

गाउँमा खानेपानी आएपछि स्थानीयको दैनिकी निकै सहज बनेको गाउँका अगुवा थिङले सुनाए। "पालो लगाएर एक घरलाई दुई गाग्रो पानी बाँडेर खान्थ्यौं, बस्तुभाउले पनि त्यही कुवामा गएर पानी खान्थे," थिङले भने, "अब त्यस्तो दिन रहेन, एक घर एक धारा झार्न सफल भएका छौं ।"

उनले अब पिउन तथा सरसफाई गर्न पानीको सुविधा भएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

थिङले अहिले बस्तीसम्म आउन कच्ची ट्र्याक सडक मात्रै रहेकाले गाडी चल्ने ठाउँ घारिबथानसम्म आउजाउ गर्न समस्या भइरहेको हुँदा गाडी चल्ने सडक निर्माण भइदिए गुइडुङ्गवासीको दैनिकी सहज हुने आश व्यक्त गरेका छन् ।

ईश्वरपुर नगरपालिका १२ का वडाध्यक्ष देविबहादुर खत्रीले बस्तीमा खानेपानी आएपछि स्थानीयलाई ठूलो सुविधा पुगेको बताए। "यहाँ हिउँदयाममा कुवा, खोला सबै सुक्दा खानेपानीको हाहाकार मच्चिन्थ्यो, अहिले दातृ निकायको सहयोगमा खानेपानी आउँदा स्थानीयलाई ठूलो राहत मिलेको छ," वडाध्यक्ष खत्रीले भने ।

ग्रामीण जिविकोपार्जनका लागि नविकरणीण उर्जा कार्यक्रमका फिल्ड को-अर्डिनेटर अमजद अलीले पहिलो पटक बस्तीमा आउँदा खानेपानीको दयनिय अवस्था देखेको बताए ।

"सुरुमा हामी यहाँ आउँदा मधेश प्रदेशमा पनि यस्तो दुर्गम बस्ती रहेछ भनेर अनौठो लाग्यो, त्यतिबेला गाउँलेहरु र गाइबस्तुले खोला र सानो कुवाको दुषित पानी खाएर जीवन निर्वाह गरिरहेको पार्यौं," उनले भने "यो दुःखद् अवस्था देखेपछि यूनडिपीमा पहल गरेर छोटो अवधीमा गाउँलेलाई खानेपानी खुवाउन सफल भएका छौं ।"

जापान सरकार (यूएनडिपी) ले गुइडुङ्गमा खानेपानी पुऱ्याउन एक करोड ५८ लाख रुपियाँ खर्च गरेको छ । बाँके खोलामा इन्टेक (मुहान) निर्माण गरी २४० मिटर लिफ्ट गरेर माथि डाँडामा खानेपानी पुऱ्याइएको छ ।

गुइडुङ्ग बस्ती नजिकै देवी डाँडामा २० हजार लिटर क्षमताको दुईवटा हिलटेक ट्याङ्की निर्माण गरी बस्तीमा खानेपानी वितरण गरिएको वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत देविडाँडा खानेपानी आयोजनाका साइड इन्जिनियर राजु मण्डलले जानकारी दिए । उनका अनुसार पानीको सुविधा भएपश्चात घरधुरी थपिने अनुमान गरी ६५ घरधुरीलाई पुग्ने गरी खानेपानी आयोजना निर्माण गरिएको छ ।

तत्काल भने बस्तीमा ४० घरधुरी रहेका र सबै घरमा पानीको धारा पुऱ्याइएको साइड इन्जिनियर मण्डलले बताए । खानेपानीको इन्टेक रहेको ठाउँमा २० किलोवाट क्षमताको सोलार जडान गरिएको छ ।

सोलारकै माध्यमले १७ किलोवाट क्षमताको मोटरपप्पमार्फत पानी तानेर गुइडुङसम्म खानेपानी ल्याइएको हो । यूएनडिपीले यसै आयोजना अन्तर्गत स्थानीयलाई बेमौसमी तरकारी खेतीका लागि २४ लाख रुपियाँ लागतमा पोली हाउस (टनेल घर) समेत निर्माण गरिदिएको छ ।

आयोजनाले गुइडुङ्गवासीलाई १७ किलोवाट क्षमताको थप एउटा जगेडा मोटर पनि प्रदान गरेको छ ।

जापान सरकार (यूएनडिपी) को आर्थिक तथा प्राविधिक सहयोगमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमार्फत केही महिना अघिदेखि जिल्लाको उत्तरी भेगस्थित लालबन्दी नगरपालिका-१५, तिनघरेमा पनि खानेपानी वितरण भइरहेको छ ।

# सूर्य नेपाल च्यालेन्ज सुरु

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको पाँचौं प्रतियोगिता, सूर्य नेपाल च्यालेन्जको पहिलो दिन ३-अन्डर ६५ को स्कोरमा भेट्रान प्रो रामे मगर शीर्षस्थानमा रहेका छन।

रामेले एमेच्योर युवा गल्फर तथा डिफेन्डिङ्ग च्याम्पियन सदभाव आचार्यलाई एक स्ट्रोकले पछि पारे। २-अन्डर ६६ सहित सदभाव आचार्य दोस्रो स्थानमा रहदा १-अन्डर ६७ सहित भुवन नगरकोटी र धन बहादुर थापा संयुक्तरुपमा तेस्रो स्थानमा रहे। इभन-पार ६८ खेलेका टंक बहादुर कार्की पाँचौं र १-ओभर ६९ सहित रवि खड्का छैटौं स्थानमा छन।

२-ओभर ७० को स्कोरमा पहिलो दिनको खेल सकाएका रमेश अधिकारी, सूर्य प्रसाद शर्मा र दिनेश प्रजापतिले संयुक्तरुपमा सातौं स्थानमा रहेका छन। यसैगरी पशुपति शर्मा, जयराम श्रेष्ठ, दीपक मगर, तोरण विक्रम शाही तथा एमेच्योर गल्फरद्वय राहुल बिके र टासी छिरिङले ३-ओभर ७१ को नतिजामा संयुक्तरुपमा १० औं स्थान बाँडे।




लामो समयपछि शीषस्थानमा रहन सफल रामेले उत्कृष्ट प्रदर्शनमा फ्रन्ट नाइन ३-अन्डर ३१ मा पुरा गरे। उनले पहिलो, दोस्रो र चौथो होलमा बर्डी प्रहार गरे। ब्याक नाइनमा पनि १०औं, १२औं र १३औं होलमा एक-एक सट बचाउँदा ६-अन्डरको स्थितिमा पुगिसकेका थिए। तर ४-पारको १६औं होलमा डबल बोगी र १८औं होलको बोगीले ब्याक नाइन इभन-पार ३४ मा सकाए।

राष्ट्रिय टिमका सदस्य एमेच्योर गल्फर सदभावले फ्रन्ट नाइनमा ३-अन्डर ३१ को उत्कृष्ट प्रदर्शन गरे। छैंटौं होलको बोगी विरूद्ध चार बर्डी प्रहार गरे।

उनले पहिलो, दोस्रो, सातौं र आठौं होलमा एक-एक सट बचाए। ब्याक नाइनमा तीन बर्डी र चार बोगी प्रहार गरे। ११औं, १३औं र १६औं होलमा बर्डी प्रहार गरे पनि १२औं, १४औं, १५औं र १७औं होलमा एक-एक सट खेर फाल्दा ब्याक नाइन १-ओभर ३५ मा पुरा गर्न बाध्य भए।

सिजनको चौथो प्रतियोगिता सूर्य नेपाल वेस्टर्न ओपन विजेता भुवनले चौथो र पाँचौ होलको बर्डीको सहायताले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए। यसपछि १०औं होलमा एक सट बचाए भने १३औं र १६औं होलको बोगीले ब्याक नाइन १-ओभर ३५ मा पुरा गरे।

धनले सुरूवात राम्रो गर्न सकेनन। दोस्रो, पाँचौ र सातौं होलमा बोगी खेप्दा नवौं होलको बर्डीले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए। ब्याक नाइनमा भने लय समाते। १०औं, ११औं, १३औं र १५ औं होलमा बर्डीको सफलता प्राप्त गरे भने १७औं होलको बोगीले ब्याक नाइन ३-अन्डर ३१ मा पुरा गरे।

चारदिनसम्म चल्ने ७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ११ एमेच्योर खेलाडीको सहभागीता रहेको छ। ३६ होलको समाप्तीमा कट लागु हुनेछ। जहाँ उत्कृष्ट २१ खेलाडीले तेस्रो र चौथो दिनको लागि स्थान सुरक्षित गर्नेछन। एमेच्योर खेलाडीको हकमा पनि कट बनाउन उत्कृष्ट २१ भित्र पर्नुपर्नेछ।

कुल ५ लाख ७२ हजार २ सय ५० नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले नगद १ लाख पुरस्कार प्राप्त गर्नेछ। दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश ६७ हजार र ४८ हजार हात पार्नेछन।यसैगरी चौथो हुनेलाई ४० हजार र पाँचौ हुनेलाई ३६ हजार प्रदान गरिनेछ। कट बनाउने २१ प्रोफेसनल गल्फरले नगद पुरस्कार प्राप्त गर्नेछन।

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# संरक्षणको पर्खाइमा जलमुनिका महादेव जलेश्वरनाथ




जलेश्वर । गर्मी याम होस् वा चिसोको सिरेटो चल्ने याम होस्, चाहे हावाहुरी होस वा झमझम पानी परेको अवस्था होस्, वर्षभरि नै पानीमुनि बस्ने महादेवको नाउँ हो बाबा जलेश्वरनाथ । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेव बाह्रैमास जलमुनि बसिराख्ने हुनाले नै उहाँको नाम जलेश्वरनाथ रहेको हो भने उहाँकै नाउँमा यस नगरको नाउँ पनि जलेश्वर रहेको किम्बदन्ती छ ।

यस मन्दिरमा जलेश्वरनाथ महादेव साक्षात विराजमान रहेको साधुसन्तहरु बताउँछन् । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा बस्दै आएका जोगी, सन्यासी, साधु, सन्त र महात्माहरु अहिले महाशिवरात्रीको महिना आउने बित्तिकै सम्पूर्ण जलेश्वर नगर शिवमय बनेको बताउनुहुन्छ । शिवरात्रिको अवसर पारेर महादेव शिवशम्भु अहिले स्वयं यहाँको वातावरणमा विराजमान रहेको उहाँहरुको भनाइ छ ।

जलेश्वरनाथ महादेव मन्दिरको मूल गुफामा लेखिएको छ, 'जलेश्वरो महालिङ रुद्रेन स्थापित स्वयम' अर्थात जलेश्वरनाथ महालिङ्ग स्वयं महादेवले स्थापना गर्नुभएको हो । जलेश्वरनाथ महादेवको स्थापना नेपालीहरुको आराध्यदेव भगवान देवादीदेव महादेवले स्वयं गर्नुभएको शिव महापुराणमा पनि उल्लेख छ ।

यो मन्दिर कहिले बनेको बारेमा कुनै प्रमाण छैन भन्ने स्वयं महादेवले नै निर्माण गर्नुभएको कुरा शिवमहापूराणमा उल्लेख छ । अनादीकालमा जलेश्वर घना जङ्गल रहेका बेला बाबा जगदीशनाथ, चतुर्भुजनाथ र तसमैया बाबा आएर जलेश्वरमा बसेको बेला स्यवं महादेवले बाबा जगदीशनाथलाई स्वप्न दिएर जलेश्वरमा महादेवको मन्दिर निर्माण गर्न आदेश दिएको किम्बदन्ती रहेको जलेश्वरनाथ महादेवका मूल पुजारी उपेन्द्र पाठक बताउनुहुन्छ । जङ्गलमा बाघ, भालु, हात्ती जस्ता जङ्गली जनावरहरु रहेको यस ठाउँमा कोही पनि कामदार काम गर्न नआउने भनेपछि स्वयं रुद्र (महादेव) ले जलेश्वरनाथको मूल गुफासहितको मन्दिर प्रकट गरिदिनुभएको शिवमहापूराणमा उल्लेख रहेको जलेश्वर नगरपालिका-८ बस्ने पुजारी कालिकान्त झा बताउनुहुन्छ ।

जलेश्वरनाथ महादेवको मूल गुफा जमिनको सतहदेखि १६ सिँढी (भऱ्याङ) मुनि जमिनभित्र रहेको छ । यहाँ २४ घण्टा जल भरिएको हुन्छ र बाबा जलेश्वरनाथ महादेव वर्षको ३६५ दिन जलमै विराजमान रहनुहुन्छ । महाशिवरात्रिको महिनाभरि त बाबा जलेश्वरनाथ २४ सैं घण्टा जलेश्वरनाथ महादेव मन्दिरमै बिराजमान रहनु हुने जनविश्वास छ ।

मन्दिरमा भगवान् शिवको शिवलिङ्ग दर्शनका लागि भक्तजनले विशेष दिनको प्रतिक्षा गर्नुपर्छ । यस मन्दिरभित्र करिब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन गर्न मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गर्दछ र सो जल विशेष पूजा अर्चना गरिने दिनमा मात्रै फ्याकिने हुँदा भक्तजनलाई बाबा जलेश्वरनाथको दर्शनका लागि विशेष दिनको प्रतिक्षा गर्नुपर्ने महाशिवरात्रि पूजा महोत्सवका पूर्वअध्यक्ष रमनकुमार चौधरीले बताउनुहुन्छ ।

यस मन्दिरमा महाशिवरात्रि र साउनको प्रत्येक सोमबार र प्रत्येक महिनाको पहिलो सोमबारको दिन विशेष मेला लाग्ने गर्दछ । रुद्रले स्वयं गुफासहितको मन्दिर निर्माण गरिदिएपछि बाबा जगदीशनाथले नित्य पूजाआजाका साथै यस मन्दिर र महादेवको बारेमा प्रचारप्रसार गर्नुभयो ।

बाबा महादेवको चौतर्फी चर्चा गरेर प्रख्यात बनाउन भूमिका खेल्नुभएका जगदीशनाथ जीवनको अन्तिम कालमा बाबाको मन्दिरको ठीक सामुनेमा समाधि (मृत्युवरण) लिनुभएकाले उहाँको सानो मन्दिर पनि जलेश्वरनाथको मन्दिरको सामुने बनाइएको छ । भक्तजनले बाबा जलेश्वरनाथ महादेवको दर्शन र पूजाआजापछि जगदीशनाथको पनि पूजाअर्चना गर्दछन् ।

बाबा जलेश्वरनाथको गुफासहितको मन्दिर स्वयं उत्पत्तिपश्चात् इतिहासको समय र कालखण्डसँगै नेपालमा शाहवंशीय राज्य भएको बेला १८६७ सालमा राजा गिर्वाणयुद्ध विक्रम शाहले महोत्तरीको तत्कालीन कञ्चनपुर गाउँस्थित जङ्गल (हाल रामगोपालपुर नगरपालिका-७) मा शिकार खेल्न आएको बेला जलेश्वरनाथ महादेव मन्दिरलाई सञ्चालन, व्यवस्थापन र पूजाआजाको लागि दुई सय ७५ बिघा जग्गा र चार वटा महापोखरीहरु दान दिनुभएको मन्दिरमा रहेको ताम्रपत्रमा उल्लेख छ । यसलाई मौजेको नाउँमा जनिन थालियो । मौजेको रुपमा मन्दिरले जलेश्वर मौजे, बजराही मौजे, बहेरा मौजे, डाम्ही महेशपुर मौजेलगायतका मौजेहरु पाएका थिए भने बरुण सरोवर, पुरन्दर सरोवर, मखान पोखरी र महन्थ पोखरी जस्ता महापोखरीहरु पनि पाएका थिए ।

शिवपुराणमै उल्लेख भएअनुसार जलेश्वरनाथ महादेवको ठीक अगाडि रहेको बरुण सरोवरमा स्नान मात्र र बाबा जलेश्वरनाथ महादेवको दर्शन मात्रले प्राणी मात्रले मुक्ति पाउने गर्दछ । लामो समयसम्म बाबा जलेश्वरनाथसँग रहेको दर्जनौं मौजे र महापोखरीहरुबाट आएका आम्दानीबाट मन्दिरको दैनिक पूजाआजा, भगवान शिवको भोग, साधुसन्तको भण्डारा र आगन्तुकहरुको स्वागत सत्कार समेत हुने गरेको थियो ।

यस महादेव मन्दिरमा पूजाआजाको लागि द्वन्द्व गिरी नाउँको पूजारी रहेको थियो । उनले लामो समयसम्म बाबा जलेश्वरनाथको सेवा गर्नुभएको थियो । समय बित्दै जाँदा १९९५ सालमा बडाहाकिम रामशमशेरले जलेश्वरनाथ महादेवको भित्री गुफासहितको मन्दिरको माथि पुनः आकर्षक र ठूल-ठूला बुर्जासहितको अद्वितीय मन्दिर निर्माण गर्नुभयो । यस महामन्दिर निर्माण गर्न त्यस बेला रु २५ हजार खर्च भएको थियो ।

महामन्दिर निर्माण गर्न सख्खर, उरिद, चुन, सुरखी, कत्थालगायतका वस्तुहरुको प्रयोग गरिएको थियो । यस महामन्दिर निर्माणको बेला जलेश्वरनाथ महादेव मन्दिरको पुजारी राजनारायण गिरी रहेको उल्लेख छ । बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको पूजारी झा बताउनुहुन्छ ।

जलेश्वरनाथको महिमा नेपालमा मात्र नभई भारतको पटना, दरभङ्गा, मुजफ्फरपुर, सीतामढी, मधुवनीलगायतका सहरमा पनि रहेको पाइन्छ । ती स्थानहरुबाट बर्सेनि बाबा जलेश्वरनाथको दर्शनका लागि हजारौँमा दर्शनार्थी आउने गरेको अर्का पुजारी उपेन्द्र पाठक बताउनुहुन्छ ।

पहिला महादेव मन्दिरसँग सयौँ बिघा जग्गा र चार महत्वपूर्ण पोखरी रहेकोले निकै भव्य तरिकाले सञ्चालन, व्यवस्थापन हुँदै आएको थियो । समय बित्दै जाँदा पद्मशमशेरको पालामा उनले यस मन्दिरको अधिनमा रहेको जग्गाहरु आफ्ना गुरु पुरोहित गोपालबहादुर उपाध्याय, रामबहादुर उपाध्यायलगायतका चार/पाँच दाजुभाइलाई दान दिएको चर्चा छ । पद्मशमशेरले दान दिएपछि गुरु पुरोहित र उनका सन्तानले मन्दिरका मौजेहरु बेचेर खाएपछि विस्तारै मन्दिरको आर्थिक अवस्था कमजोर बन्यो ।

विसं १९८३ को स्रेस्तामा सयौ बिघा जग्गा मन्दिरको नाउँमै उल्लेख रहेको देखाउँछ । त्यसैगरी २००२ सालसम्म मन्दिरको महन्थको नाउँमा मौजेहरु रहेको उल्लेख छ तर मन्दिरका सयौं बिघा जग्गाको मौजे विसं २००८ देखि हराएको छ । मन्दिरका चार महापोखरीहरु अहिले जलेश्वर नगरपालिकाले आफ्नो कब्जामा लिएको छ ।

मन्दिरकै दक्षिणपट्टी रहेको गुठी संस्थानसँग रहेको ताम्रपत्रमा राजा गिर्वाणयुद्ध विक्रम शाहले दान दिनुभएको मन्दिरका २७५ बिघा जग्गा र चार महापोखरीको उल्लेख अझै पनि सुरक्षित रहेको छ । कुनैबेला चार महापोखरी र २७५ बिघा जग्गाको मालिक रहेका जलेश्वर महादेवलाई अहिले पूजाआजा र भोग (प्रसाद) का लागि पनि केही नरहेको पुजारी उपेन्द्र पाठकले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कुनैबेला सयौँ बिघा जग्गा र चार महापोखरीको मालिक रहनुभएका बाबा जलेश्वरनाथ आज साँच्चीकै भिखारी हुनुभएको छ । आज यस मन्दिरसँग केही पनि छैन ।" भक्तजनले चढाएको भेटी, चन्दा र अन्य सहयोगबाटै नित्य पूजाआजा तथा प्रसाद (भोग) पनि चल्ने गरेको छ ।

आजसम्म कुनै पनि दिन बाबाको पूजाआजा प्रभावित नभएको, भोग प्रसादको कमी नभएको, बाबाको सेवामा लागेका कोही पनि भोकै बस्न नपरेको र आगन्तुक समेतलाई पनि कहिले कुनै समस्या नभएको पूजारी पाठक बताउनुहुन्छ । उहाँले भन्नुभयो, "कहाँबाट कसले कतिबेला ल्याइदिन्छ, थाहा हुँदैन । सबै बाबा महादेवको कृपाले चलेको छ ।"

विसं २०७२ को भूकम्पपछि टेकोको भरमा रहेको बाबा मन्दिरमा पछिबाट निर्माण गरिएको बाहिरी विशाल मन्दिर बाबाको शिवलिङ्गको ठिक्क माथि भित्रपट्टीबाट झुकेको र कुनै पनि बेला ढल्न सक्ने अवस्थामा पुगेको जलेश्वरनाथ महादेव मन्दिरका पूजारी पाठक बताउनुहुन्छ ।

मन्दिरको अवस्था अवलोकनका लागि विगत सात/आठ वर्षमा पुरातत्व विभागबाट पनि चार/पाँच पटक विज्ञहरु आएर मन्दिरको अवस्था हेरेर गएको भएपनि बाबा मन्दिरको जीर्णोद्धार तथा मर्मतसम्भारको लागि कतैबाट कुनै सहयोग नआएको पूजारीहरुले दुःखेसो छ । जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार मूल मन्दिरको संरक्षणको लागि विशेष पहल र वृहत योजनाको आवश्यकता रहेको बताउनुहुन्छ । जीर्ण तथा ढल्ने अवस्थामा पुगेको ऐतिहासिक बाबा जलेश्वर मन्दिरको तत्काल जीर्णोद्धार र मर्मतसम्भार गरी संरक्षण, सम्बर्द्धन, व्यवस्थापनका लागि पनि यथोचित व्यवस्था गर्न पहल गरिने उहाँको भनाइ छ ।

एक सातापछि हुन लागेको महाशिवरात्रि पर्वको अवसर पारेर अहिले बाबा जलेश्वरनाथ मन्दिरलाई दुलही झैं सिँगारिँदै छ भने यस वर्ष बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन करीब तीन लाख भक्तजनले गर्ने अनुमान रहेको महाशिवरात्रि पूजा महोत्सवका अध्यक्ष अमरदीप साहले बताउनुभयो । उहाँले यस वर्ष महाशिवरात्रि पर्वको लागि मन्दिरभरि तथा मन्दिर परिसरमा भव्य झिलीमिली बिजुलीबत्ती, फूलमाला र विशेष प्रकारको सजावट गरिने बताउनुभयो । त्यस्तै महाशिवरात्रिका अवसरमा यस वर्ष जलेश्वरमा विशेष प्रवचन कार्यक्रम, विशेष शिव दर्शन तथा हेलिकप्टरबाट पुष्पवृष्टि गराउने योजनासमेत रहेको जनाइएको छ । रासस

# ट्रेड युनियन कांग्रेसको ७८औँ स्थापना दिवस मनाइँदै

काठमाण्डु । विराटनगर जुटमिल आन्दोलनको जगमा स्थापित नेपालको सबैभन्दा पुरानो श्रमिक संस्था नेपाल ट्रेड युनियन कांग्रेसले सोमबार देशभर ७८औँ स्थापना दिवस मनाउँदैछ । नेपालमा प्रजातन्त्र स्थापना र पुनःस्थापनामा महत्वपूर्ण भूमिका खेलेको ट्रेड युनियन कांग्रेसले आम श्रमिकको हक, अधिकारका क्षेत्रमा काम गर्दै आइरहेको छ । श्रमिकको योगदानले नेपालमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि सत्तामा पुगेपछि राजनीतिक दल श्रमिकको मुद्दामा गम्भीर हुन नसकेको ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले बताउनुभयो ।

"व्यवस्था परिवर्तन भए पनि श्रमजीविको अवस्थामा परिवर्तन भएको छैन । अझै धेरै ठाउँमा न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र श्रम ऐन प्रभावकारी लागू भएका छैनन्", उहाँले भन्नुभयो, "राज्यले रोजगारी सिर्जना गर्न नसक्दा लाखौं युवाहरु जोखिमयुक्त काम गर्न विदेशिनु परेको छ ।"

युद्ध, आर्थिक मन्दी, महामारी, जलवायु परिवर्तन, बौद्धिक कृत्रिमता, व्यवस्थित श्रम बजारको अभाव, गिग र डिजिटल अर्थतन्त्रलगायत कारणले श्रमिकमा थप चुनौती थपिएको नेपाल ट्रेड युनियनले जनाएको छ । ट्रेड युनियनको पहल र दबाबमा सरकारले श्रम तथा ट्रेड युनियन ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा योजना प्रारम्भ गरेको भए पनि कार्यान्वयन फितलो भएको भन्दै कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई निरन्तर दबाब दिइने अध्यक्ष कुँवरले बताउनुभयो ।

ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले श्रमजीवी र श्रम बजारका समस्या समाधान, चुनौतीको सामना गर्न र श्रमजीवी वर्गको जीवनस्तरमाथि उठाउन सङ्गठन विस्तार, सुदृढीकरण, प्रशिक्षण र नीतिगत हस्तक्षेपका लागि युनियनले काम गरिरहेको बताउनुभयो ।

निरङ्कुश राणा शासन अन्त्य गर्न प्रमुख भूमिका खेलेका कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको नेपाल मजदुर सङ्घलाई विसं २०४७ मा नेपाल ट्रेड युनियन कांग्रेसका नाममा पुनःगठन गरी नेपाली श्रमजीवीको हकअधिकार संरक्षण, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, सुरक्षित कार्यस्थल, स्वस्थ औद्योगिक सम्बन्ध, सङ्गठन स्वतन्त्रताको क्षेत्रमा क्रियाशील रहँदै आएको महासचिव राईले जानकारी दिनुभयो ।

> युद्ध, आर्थिक मन्दी, महामारी, जलवायु परिवर्तन, बौद्धिक कृत्रिमता, व्यवस्थित श्रम बजारको अभाव, गिग र डिजिटल अर्थतन्त्रलगायत कारणले श्रमिकमा थप चुनौती थपिएको नेपाल ट्रेड युनियनले जनाएको छ ।

नेपाल ट्रेड युनियन कांग्रेसले ७८औं स्थापना दिवसका अवसरमा एक विज्ञप्ति जारी गरी देशभरका सम्पूर्ण श्रमजीवी, सरोकारवाला एवं शुभचिन्तकमा हार्दिक शुभकामना व्यक्त गरेको छ । यस अवसरमा श्रमिक आन्दोलनका अग्रज नेतृत्वलाई सम्मानसहित स्मरण गर्दै श्रमिक आन्दोलनसँगै विभिन्न लोकतान्त्रिक आन्दोलनमा जीवन आहुति गर्नुहुने ज्ञातअज्ञात सहिदप्रति श्रद्धासमेत व्यक्त गरेको छ । रासस

# अन्तर्राष्ट्रिय महिला दिवस व्यवस्थितरुपमा मनाउन मन्त्रालयको आग्रह

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ११४औँ अन्तर्राष्ट्रिय महिला दिवस भव्य र व्यवस्थितरुपमा मनाउन सबै सरोकारवाला निकायलाई आग्रह गरेको छ ।

मन्त्रालयले सोमबार एक सूचना जारी गर्दै आर्थिक र सामाजिक सशक्तीकरणका लागि लगानीको सुनिश्चिततामा मद्दत पुग्ने रचनात्मक तथा सिर्जनात्मक कार्यक्रम सञ्चालन गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले साझा अभियानका रुपमा यो दिवसका रुपमा मनाउन आग्रह गरेको हो ।

मन्त्रालयले तीनै तहका सरकार, शैक्षिक संस्था, सामाजिक तथा निजी सङ्घसंस्था, नागरिक समाजलगायत सबै सरोकारवाला निकायलाई रचनात्मक तथा सिर्जनात्मक कार्यक्रम सञ्चालन गरी दिवस मनाउन आह्वान गरेको छ ।

यही फागुन २५ गते 'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी' भन्ने राष्ट्रिय नाराका साथ यो दिवस मनाइने भएको छ । रासस

# कार्यान्वयनको प्रतीक्षामा चालिस लाख मानिस लाभान्वित हुने नौमुरे बहुउद्देश्यीय आयोजना

काठमाण्डु । भेरी बबई डाइभर्सन र सुनकोशी मरिण डाइभर्सन आयोजनाले सिर्जना गरेको विश्वासका आधारमा सरकारले थप अर्को डाइभर्सन आयोजना अगाडि बढाउने भएको छ ।

विशेष गरी दाङ, बाँके र कपिलवस्तुमा सिँचाइ सुविधा विस्तार गर्ने एवं बिजुलीसमेत उत्पादन गर्ने लक्ष्यका साथ सरकारले नौमुरे बहुउद्देश्यीय आयोजना निर्माण गर्न लागेको हो । लामो समयदेखि चर्चामा रहेको सो आयोजनाको सम्पूर्ण अध्ययन कार्य पूरा भएको छ ।

सो आयोजनाको विकासपछि दाङ, कपिलवस्तु र बाँकेको कूल ८० हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । कृषिको आधुनिकीकरण गर्ने र आत्मनिर्भरताका लागि बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने सरकारको दीर्घकालीन लक्ष्यलाई समेत मद्दत गर्नेछ । विद्युत् उत्पादनका अलावा, वातावरणको संरक्षण, बाढी नियन्त्रण, पर्या पर्यटनको विकास, सिँचाइ, मत्स्यपालनलगायतका सुविधा विस्तारका लागि सो आयोजना महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

अध्ययन अनुसार आयोजना निर्माणका लागि छ वर्ष लाग्नेछ । रोल्पाबाट प्यूठान भएर बगेर आउने माडी र झिम्रुक नदी मिसिएपछि बन्ने राप्ती नदीको पानी उपयोग गरेर नौमुरे आयोजना अगाडि बढाउने तयारी छ ।

यो आयोजनाको विशिष्ट र महत्वपूर्ण पक्ष भनेको तीन जलाशय पनि हो । विसं २०७४ देखि सम्भाव्यता अध्ययन सुरु भए पनि लामो समय लगाएर २०७८ मा सम्पन्न भएको हो । आर्थिक वर्ष २०७७/०७८ को अनुमान अनुसार आयोजनाको कूल लागत रु एक खर्ब २६ अर्ब बराबर रहनेछ ।

सो आयोजनाअन्तर्गत दुई सय १८ दशमलव तीन मेगावाट क्षमताको नौमुरे जलविद्युत् आयोजना निर्माण गर्ने गरी प्रस्ताव गरिएको छ । यस्तै, लामाताल जलविद्युत् आयोजना आठ मेगावाट क्षमताको हुनेछ । सुराइनाका जलविद्युत् आयोजनाको क्षमता ५४ दशमलव सात मेगावाट बराबर छ ।

नौमुरे बहुउद्देश्यीय आयोजनाका प्रमुख वीरबहादुर बोहोराका अनुसार कपिलवस्तु जिल्लामा मात्रै २९ हजार सात सय ३६ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । देशमा उपलब्ध जलस्रोतको सदुपयोग गरी हरित ऊर्जा र प्रभावकारी सिँचाइ प्रणालीबाट समृद्ध नेपालको आधारशिला तयार गर्ने नौमुरे बहुउद्देश्यीय आयोजनाको खास मक्सद रहेको उहाँको भनाइ छ । पछिल्ला दिनमा सरकारले बहुउद्देश्यीय प्रकृतिका आयोजना अगाडि बढाइरहेको छ । भेरी बबई र सुनकोशी मरिण बहुउद्देश्यीय आयोजना त्यसको खास उदाहरण हुन् ।

नौमुरे बहुउद्देश्यीय आयोजना बहुजलाशयसहितको जलविद्युत् तथा सिँचाइ आयोजना हो । नौमुरे मुख्य बाँधस्थल माडी र झिमरुक खोलाको सङ्गमबाट करिब तीन किलोमिटर तल प्यूठान र अर्घाखाँची जिल्लाको भूभागमा रहने गरी प्रस्ताव गरिएको छ ।

लामाताल रिरेगुलेटिङ बाँधस्थल प्युठान र अर्घाखाँची जिल्लाको भूभागमा र नौमुरे मुख्य बाँधको करिब छ किलोमिटर तलतिर अवस्थित छ । कूल एक सय ५४ क्युविक मिटर/सेकेन्ड डिस्चार्ज सहितको नौमुरे जलविद्युत् योजना माथिल्लो भागमा छ । यसको तल्लो तहमा लामाताल जलविद्युत् योजना छ । लामाताल जलविद्युत् योजनाको ब्यारेजले बाँके र देउखुरीका विद्यमान सिँचाइ आयोजनाका लागि राप्ती नदीमा छोड्ने पानीको प्रवाहलाई पुनः नियमन गर्छ । सुरैनाका जलविद्युत् योजना र प्रस्तावित कपिलवस्तु सिँचाइ आयोजनाको २९ हजार सात सय ३६ हेक्टर सिँचाइका लागि ४१ दशमलव छ क्युविक मिटर प्रतिसेकेन्डको डिस्चार्ज पथान्तरण गरिनेछ ।

सुरैनाका बाँधस्थल कपिलवस्तु जिल्लाको सुरैनाका गाउँमा, सुरै नाला (खोला) को दाहिने किनारमा पूर्व-पश्चिम राजमार्गको पश्चिमतर्फ प्रस्ताव गरिएको छ । यसबाहेक, लामाताल ब्यारेजको करिब २२ किलोमिटर तल प्रगन्ना र बड्कापथ सिँचाइ आयोजनाको इन्टेक छन् भने सिक्टा सिँचाइ आयोजनाको बाँधस्थल करिब एक सय २६ किलोमिटर तल पर्दछ ।

नौमुरे बहुउद्देश्यीय आयोजनाअन्तर्गतप्रस्तावितकपिलवस्तु सिँचाइ प्रणालीबाट २९ हजार सात सय ३६ हेक्टरसहित देखुरी उपत्यका १० हजार आठ सय हेक्टर र बाँकेको ४२ हजार सात सय ६६ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । सो आयोजनाले मत्स्यपालन, बाढी नियन्त्रण, पर्यटन र मनोरञ्जन विकासमा समेत योगदान पुऱ्याउने सम्भावना देखिएको छ ।

सरकारले चालु आवमा सो आयोजनाका लागि रु छ करोड ४३ लाख बराबरको बजेट विनियोजन गरेको थियो । झण्डै तीन दशकदेखि चर्चाको केन्द्रमा रहेको सो आयोजना आफैँमा महत्वपूर्ण र विशिष्ट प्रकारको रहेको ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतका जनसम्पर्क सल्लाहकार तिलकराज भण्डारीको कथन छ ।

आधुनिक एवं आत्मनिर्भर कृषिका लागि वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध गराउने र बिजुली पनि उत्पादन गर्ने लक्ष्यका साथ सरकारले सो आयोजनालाई विशेष प्राथमिकतामा राखेको जानकारी दिँदै जनसम्पर्क सल्लाहकार भण्डारीले स्थानीयवासीको मागअनुसार आगामी आवको नीति तथा कार्यक्रम र बजेटमा समेत विशेष सम्बोधन गर्ने तयारी भइरहेको बताउनुभयो ।

अर्घाखाँची, दाङ, कपिलवस्तु र बाँकेका लागि सो आयोजनाको विशिष्ट महत्व रहेको उल्लेख गर्दै उहाँले वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को पहिलो कार्यकालमा विशेष महत्व र प्रचार पाए पनि अगाडि बढ्न नसकेको भए पनि यस पटक भने आयोजनाले नयाँ गति लिने विश्वास व्यक्त गर्नुभयो ।

राप्ती नदीको बढीले तराईमा हुने डुबान नियन्त्रण गर्न, सिँचाइ सुविधा विस्तार र विद्युत् उत्पादनका दृष्टिले आयोजना रणनीतिक महत्वको छ । प्रधानमन्त्रीका रुपमा प्रचण्ड २०६५ सालमा भारत भ्रमण जाँदा नै सो आयोजनाका विषयमा चर्चा भएको थियो । यद्यपि, प्रक्रिया भने अगाडि बढ्न सकेको थिएन ।


विसं २०४५ मा सो आयोजनाको प्रारम्भिक अध्ययन भएको थियो । लामो अलमलपछि सरकारले २०७४ सालदेखि आन्तरिक स्रोतबाटै आयोजनाको अध्ययन गरेको हो । आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा नै नौमुरे आयोजनाको विषय समावेश गरिएको थियो । आयोजनाको वातावरणीय अध्ययन र विस्तृत अध्ययन पूरा भएको छ ।

जग्गा अधिग्रहणका लागि लगत लिने काम पनि पूरा भएको छ । आयोजनास्थलमा पुग्नका लागि पहुँचमार्गको सामान्य स्तरोन्नति गरिएको छ । सो आयोजनाबाट उत्पादन हुने बिजुली ५५ किलोमिटर लामो दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माण गरेर नेपाल विद्युत् प्राधिकरणको नयाँ लमही सवस्टेसनबाट राष्ट्रिय प्रणालीमा जोडिनेछ । आयोजनाबाट लुम्बिनी प्रदेशका झण्डै ४० लाख मानिस प्रत्यक्षरुपमा लाभान्वित हुनेछन् ।

आयोजना प्रमुख बोहोराका अनुसार सितखोला पुलको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । बजेट स्रोत सुनिश्चित भएमा आगामी आवमा निर्माण कार्य थालनी गर्न सकिन्छ । यस्तै दर्भानदेखि झिलिवाङ हुँदै बाँधस्थल र लामातालदेखि अर्को बाँधस्थलसम्मको बाटोको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ । बजेट उपलब्ध भएअनुसारको निर्माण कार्य अगाडि बढेको छ । दर्भानदेखि झिलिवाङसम्मको बाटोको प्रस्तावित तीन वटा पुलको वस्तृत परियोजना प्रतिवेदन तयार पार्ने काम जारी छ ।

बजेट उपलब्ध भएको खण्डमा आगामी आवदेखि निर्माण सुरु गर्न सकिनेछ ।

आयोजनाले लामाताल जलविद्युत् आयोजनाका लागि रिसेटलमेन्ट एक्सन प्लान तयार भएको छ । नौमुरे जलविद्युत् आयोजना क्षेत्रको जग्गा प्राप्ति र रिसेटलमेन्ट एक्सन प्लान तयार गर्ने कार्य हाल पनि जारी छ ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### प्रधानमन्त्रीलाई काम गर्न दिनुपर्छ

नेपालमा कुनै एउटै दलले सरकार बनाउन सक्ने बहुमत पछिल्लो दशकमा पाएको छैन् ।गठबन्धनगरी सरकार चलाउने सहमतिको आधारमा नै पाँच वर्ष सरकार चल्दै आएको छ ।सत्ता साझेदारी गरिने र त्यसपछि खटपट भइरहने नौलो विषय होइन् ।विगतमा पनि एकै कार्यकालमा कयौं पटक प्रधानमन्त्री फेरिएकै हो ।प्रधानमन्त्री फेर्नु सरकार परिवर्तन नै हो ।नेपालको संसदीय इतिहासमा आफ्नै दलका प्रधानमन्त्रीलाई फालेर प्रधानमन्त्री बनेको पनि कयौ घटनाहरु भएका छन् ।राजनीतिको फोहरी खेलमा सबै जायज हुन्छ ।सत्ता गठबन्धन भत्काउन सक्ने हैसियतमा रहेका दलहरुले अर्को चुनाव नहुञ्जेल अथवा आफै प्रधानमन्त्री नबने सम्म खेल खेलिरहन्छन् ।अहिलेपनि देशमा गठबन्धन सरकार छ ।सत्ता गठबन्धन भत्काउने खेलले गति लिइसकेको छ ।कुनैपनि बेला देशमा अर्को गठबन्धनको सरकार बन्न सक्छ ।तर यस पटक बिहारको सत्ताको खेल जस्तै हुने बलियो संभावना छ ।भारतको बिहार राज्यको मुख्यमन्त्री पदका लागि नवौ पटक नितिश कुमारले सपथ लिएका छन् ।उनी १९ वर्षदेखि निरन्तर मुख्यमन्बी छन् ।त्यस अवधीमा कयौं पटक सत्ताको समिकरण फेरिएपनि मुख्यमन्त्री भने नितिश कुमार नै रहे ।नेपालमा पनि त्यस्तै राजनीतिक अवस्था देखिएको छ ।प्रधानमन्त्री प्रचण्डले हाल नेतृत्व गरिरहेको गठबन्धनबाट कांग्रेस र नेकपा एसलाई हटाएर एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको सहयोगमा प्रधानमन्त्री बनिरहने छन् ।त्यसका लागि एमाले, रास्वपा र राप्रपा तत्पर छन् ।कांग्रेसले गत माघ ११ गते सम्पन्न भएको राष्ट्रिय सभाको निर्वाचनमा कोशी प्रदेशमा माओवादीलाइ घात गरेको थियो ।कांग्रेसले एमालेका उम्मेदवारलाई मतदान गरेपछि कांग्रेसका उम्मेदवार जितेपनी माओवादीका उम्मेदवार हारेकी थिइन् ।त्यस अघि कोशी प्रदेशको सरकार गठनमा पनि कांग्रेसले एमालेको समर्थनमा सरकार बनाएको थियो ।माओवादीलाई धोका दिएकाले प्रधानमन्त्री प्रचण्डमाथि राष्ट्रिय सभाको अध्यक्ष पद नछाड्न पार्टी भित्र दवाव बढेको छ ।राष्ट्रिय सभाको अध्यक्ष माओवादीलाई दिन एमाले तयार छ ।रास्वपा र राप्रपालेपनि सघाउने निश्चित छ ।त्यसकारण प्रधानमन्त्री प्रचण्डले कांग्रसलाई कुनै बेला साथ छाड्न सक्ने संकेतपनि गरिसकेका छन् ।वर्तमान सत्ता गठबन्धनलाई निरन्तरता दिन प्रधानमन्त्री प्रचण्डलाइ स्वतन्त्र भएर काम गर्न दिनु पर्छ ।दाग लागेका मन्त्रीहरुलाई हटाउन चाहे गठबन्धनका दलहरुले प्रधानमनत्रीलाई सघाउनु पर्छ ।प्रधानमन्त्रीलाइ काम गर्न नदिए गठबन्धनको क्रम भंग हुन सक्छ ।

# नयाँ गठबन्धन : नियमित सामान्य हेरफेर



रोशन जनकपुरी

राजनीतिक दलहरु आफ्नो दलिय वैचारिक प्रतिबद्धता र जननीतिप्रति इमान्दार रहने स्थितिमा दलहरुको बीच मीत्रता र शत्रुता दुबै प्रष्ट हुन्छ । तर राजनीतिमा जसरीपनि सत्तामा टिक्ने प्रवृत्ति प्रमुख भएको, अझ गठबन्धन राजनीतिमा त सम्भावित परि स्थितिको मूल्यांकन र राजनीतिक दलको गतिविधि बारे अनुमान गर्न गाह्रो हुन्छ । नेपालको सत्ता राजनीति अहिले यस्तै स्थितिबाट गुज्री रहेको छ ।

सत्तामात्रको दार्शनिक विचारमा टिकेको बहुदलिय संसदिय राजनीति, अझ गठबन्धन राजनीति, चरित्रगतरुपमै गलाकाट प्रतिस्पर्धा हुनेगर्छ ।नेपालको सत्ता राजनीतिपनि यसभन्दा भिन्न छैन । यस्तो राजनीतिमा हरेक दलले आफ्नो बगलीमा छुरा लुकाउने गरेका हुन्छ । एक अर्कासंग घाँटी जोडेका दलहरु कतिबेला कस्को पिठ्युँमा छुरा रोपिदिने हुन् र को संग घाँटी जोडन जाने हुन ठेगान हुँदैन । कुनै बेला देखी न सहनेहरु मीत्र हुनसक्छन् भने हृदयसंग जोडिएका प्राणप्रिय मित्रहरु कतिबेला दुश्मनको कित्तामा पुग्ने हुन ठेगान हुँदैन । नेपाली संसदीय राजनीतिमा एमालेलाई प्रवेश गराउन'बहुदलीय जनवाद' नामक संशोधनवादी विचारको विकास गर्नेनेपालमा सर्वाधिक लोकप्रिय मध्येका एक नेता मदन भण्डारीले भनेका थिए : 'राजनीतिमा कोही स्थायी शत्रु र स्थायी मीत्र हुँदैन ।' नेपालको वर्तमान संसदिय राजनीति र गठबन्धनको संस्कृतिमा यो भनाई सटिक बस्छ ।

यो लेख प्रकाशित हुन्जेलसम्म सत्तासमीकरण फेरिइसकेको हुनेछ । अहिलेसम्म विकासभैरहेको परिस्थितिको आधारमा भन्ने हो भने प्रधानमन्त्री त माओवादी केन्द्रका अध्यक्ष प्रचण्डनै रहने छन् । हालसम्मको प्रमुख सत्ता साझेदार नेपाली काँग्रेस प्रतिपक्षको बेन्चमा पुगीसकेको हुनेछ, भने प्रतिपक्षी एमाले सरकारी गठबन्धनको प्रमुख साझेदार दल बनिसकेको हुनेछ । तात्पर्य के हो भने नेपाली काँग्रेस र माओवादी केन्द्र सहितको गठबन्धन ओपचारिकरुपमा भत्कीसकेको छ ।

यो लेख लेखिरहँदा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड आफ्नो पार्टीको सहमतिमा एमालेसंग मिलेर नयाँ गठबन्धन सरकार बनाउने प्रक्रियामा छन् । आज (फागनु २१ गते) साँझै प्रचण्डको नेतृत्वमै माओवादी केन्द्र, एमाले र रास्वपाका एक एक जना गरी तीन जना मन्त्रीले शपथ समेत लिने कुरा खबरहरुमा जनाइएको छ । यस नयाँ गठबन्धनमा हाल माके, एमाले, जसपा (जनता समाजवादी पार्टी) र रास्वपा (राष्ट्रिय स्वतन्त्र पार्टी) देखिएका छन् भने जनमत पार्टी र नाउपा (नागरिक उन्मुक्ति पार्टी)लगायतकोपनि सम्भावना व्यक्त गरिँदैछ । प्रधानमन्त्री प्रचण्डले यसमा माधवनेपालको एकीकृत समाजवादीलाई पनि समेटिने भनेपनि एकीकृत समाजवादीमा भने अन्यौल र असमञ्जसको स्थिति देखिन्छ । कुनै बेला एमाले अध्यक्ष केपी ओलीको राजनीतिक पेलान र लखेटानमा परेर एकीकृत समाजवादी पार्टी बनाउन पुगेको माधव नेपाल र उनका सहयोगीहरुको निम्ति ओलीकै वर्चस्वको गठबन्धनमा जाने निर्णय गर्नु कठिन चुनौती हुनेछ । यद्यपि प्रचण्डसंगको उनको हार्दिकता तथा एकीकृत समाजवादीपनि अन्ततः यसै गठबन्धन राजनीतिक संस्कृति र अस्थिर संसदिय राजनीतिको हिस्सा भएकोले यो पार्टी नयाँ गठबन्धनमा जाँदैन भन्नपनि गाह्रो छ । प्रचण्डले एमालेसंग मिलेर बनेको यस नयाँ गठबन्धनलाई वाम एकताको नयाँ अध्याय भनेर औचित्य साबित गर्न खोजेका छन्, र एकीकृत समाजवादीका अर्का वरिष्ठ नेता झलनाथ खनालले स्वागत गरेकोले एकीकृत समाजवादी बारे यसै केही भन्न हतारो हुनेछ ।

यस नयाँ गठबन्धनले संसदभित्र एकखालको नयाँ उथलपुथल सृजना गरेको देखिन्छ । राजतन्त्रको सवालमा एमाले र माओवादी दुबै असहिष्णु देखिएकोले यस नयाँ गठबन्धनमा राप्रपाको निम्ति स्पेस देखिँदैन । विगतको तुलनामा यस पटक राप्रपा लगायतका राजतन्त्रवादी पार्टीहरुले पूर्व राजा ज्ञानेन्द्र शाहलाई खुलेर नै बोकेर आफ्नो राजनीतिक गतिविधिमा लागकोले एमाले र माके उनिहरुप्रति रुचि देखाइरहेका छैनन् ।त्यसैले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्गदेन र यस पार्टीका अन्य नेताहरु सत्ता राजनीतिमा भएको यस नयाँ विकासप्रति आफूलाई निरपेक्ष देखाउन खोज्दै छन् । यद्यपि गतवर्ष प्रचण्ड र ओलीको गठबन्धनको सरकार बनेको बेला राप्रपापनि सरकारमा सामेल रहेको हुनाले यस पटक उनीहरुको यो निरपेक्षता कायमै रहनेछ वा एमाले र माकेको उनीहरुप्रतिको अरुचि फेरिन्छ वा फेरिन्न भन्न गाह्रो छ ।

यस नयाँ गठबन्धनको विकासले अन्यौलमा पर्नेमा महन्थ ठाकुर नेतृत्वको लोसपा (लोकतान्त्रिक समाजवादी पार्टी)पनि छ ।

भर्खरै राजेन्द्र महतो र अनिल झाले लोसपा त्यागेको कारण लोसपा अध्यक्ष ठाकुरलाई पार्टी जोगाउन ठुलो चुनौती छ । यस्तोमा लोसपाभित्र कुनै नयाँ आकर्षण पैदा गर्न सकिएन भने ठाकुरलाई पार्टी जोगाउन धौ धौ हुने देखिन्छ । आखिर यी मधेशकेन्द्रित राजनीतिक दलहरु अन्ततः सत्ता र सरकारमा सानै भएपनि भाग खोज्न गठन भएको तथ्य पटक पटक प्रमाणित हुँदै आएको छ । भत्किएको गठबन्धन सरकारमा पनि लोसपाका एक जना मन्त्री छँदैछन् । यस्तोमा नयाँ गठबन्धनमा समर्थन गर्न र सरकारमा अवसर खोज्न ठाकुरमाथी दबाब हुनु स्वाभाविक नै देखिन्छ ।

तर महतोले पार्टी छाडेको कारण कमजोर लोसपाप्रतिको मूल्यांकन र व्यवहारमा फरक आउन सक्छ । भागबन्डा झन सानो हुनसक्छ । यस्तोमा लोसपाले कुनै निर्णय गर्नुमा ठाकुरको स्वाभिमानी तेवर चुनौतीको रुपमा तेर्सिन सक्छ ।

डा. सी.के. राउत नेतृत्वको जनमत पार्टी, हालसम्म गठबन्धनप्रति सकारात्मक देखिएपनि जसरी उसले मधेश प्रदेशमा मूख्यमन्त्रीमा दावी गरेर शर्त तेर्साएको छ, त्यसले उसको बारेपनि अहिले केही भन्नु हतार हुनेछ । नेपाली राजनीतिमा माओवादी केन्द्र र अध्यक्ष प्रचण्ड जसरी अवसरमुखी, अनिश्चित र अस्थिर देखिन्छन्, मधेशी राजनीतिमा जनमत पार्टी र यसका अध्यक्ष डा.राउतपनि त्यसरी नै अनिश्चित प्रवृत्तिसहित उदाएका छन् । मधेश प्रदेशमा जसपा र उपेन्द्र यादवको कटु विरोध र अर्कोतिर जसपाकै नेतृत्वको सरकारमा सहभागिता र अकस्मात कारण देखाउँदै सरकारबाट बाहिरनु, त्यसरी नै एकातिर कम्युनिस्टहरुको कट्टर वैचारिक विरोध र अर्कोतिर कहिले प्रचण्ड र कहिले ओलीको निकटता, कहिले सरकारमा त कहिले मन्त्रीपदको सामान्य किचलो झिकेर सरकारबाट बाहिरिनुले जनमत पार्टीको असामान्य व्यवहार दर्शाउँछ ।

तर विगतमा आपसमा जतिसुकै कट्टु खोलाखोल र खुइल्याउने गरेको भएपनि यस नयाँ सरकारी गठबन्धनमा माके, एमाले, जसपा र रास्वपा हाल स्थायी दलका रुपमा देखिएका छन् । यस नयाँ गठबन्धन बारे नेका सभापति शेरबहादुर देउवा लगायतले प्रचण्डले धोका दिएको भनेपनि माके र एमालेका नेताहरुले यसलाई स्वाभाविक र छिटोछिटो परिवर्तनको कदम भनेका छन् । प्रचण्डले यसलाई आफ्नो गतिशील चरित्रको परिणाम र आफू मर्दासम्म यस्तो उथलपुथल भइरहने भनेका छन् । एमाले अध्यक्ष ओलीले यसलाई वर्तमान परिवर्तनको छिटोछिटो गति भनेका छन् ।

जसपा र रास्वपा लगायतका भनाइहरु खासै महत्व राख्दैनन्, किनभने संसदीय गठबन्धन राजनीतिमा साना दलहरु आफ्ना सत्तास्वार्थ पूरा गर्नका निम्ति समीकरणमा बहुमत पूरा गर्ने 'थपन' पार्टीभन्दा बढी हुँदैनन् । यस नयाँ गठबन्धनलाई पनि दुई गूटमा विभाजित गर्ने हो र विगतमा भएको अभ्याससंग तुलना गर्ने हो भने प्रचण्डको गुटमा जसपा र ओलीको गुटमा रास्वपा देखिन्छ । यससंगै यस समीकरणमा थपिने अन्य साना दलहरुपनि यी दुई गुटकै हिस्सा हुने तय नै छ ।

गठबन्धनमा यिनीहरुले आफूलाई स्वतन्त्र, वैचारिक र एजेन्डाप्रति प्रतिबद्ध भन्नु जनतासामू अनुहार छोप्ने प्रयत्न मात्र हुनेछ ।

वास्तविक कुरा के हो भने जनताभन्दा विमुख सत्ता राजनीतिमा अवसर नै मुख्य हुन्छ । मन मिलेसम्म मीत्र, होइन भने जुनसुकै बेलापनि धोखा दिनु गठबन्धन राजनीतिको खुला सूत्र हो। विगत झैँयसपटकपनि यस्तै भएको हो । शुरुमासंसदिय निर्वाचनको बेला भएको सहमति विपरीत नेका सभापति देउवाले प्रचण्डलाई प्रधानमन्त्रीपद दिन चाहेनन् र गतवर्ष पौष १०गते प्रचण्डले ओलीसंग मिलेर सरकार बनाए । एमालेसंगको गठबन्धन सरकारमा ओलीले प्रचण्डलाई हेपे, आफूखुशी गर्न दिएनन् (रामचन्द्र पौडेललाई राष्ट्रपति बनाउने सन्दर्भमा), ६४दिनपछि उनले सुटुक्क फेरी नेकासंग मिलेर नयाँ सरकार बनाए ।

यसपटक नेकाले कोशी प्रदेशमा राष्ट्रिय सभा सदस्य पदको निर्वाचनमा सहमति विपरीत माकेका उम्मेदारलाई सहयोग गरेनन्, आफू खुशी मन्त्रीपरिषद पुनर्गठन गर्न दिएनन् । प्रत्युत्तरमा, राष्ट्रियसभाको अध्यक्ष पदमा माकेले पनि सहमति विपरीत आफ्नो दावी छाडेन । त्यसरी नै नेकाको आन्तरिक बैठकहरुमा नेताहरुले जनयुद्ध र माके बारे जसरी कटुशैलीमा विषाक्त विचारहरु राख्ने गरेका थिए, त्यसलेपनि माके र प्रचण्डलाई असन्तुष्ट बनाउँदै लगेको थियो । विवाद बढ्यो, सरकारको अस्तित्वमाथी संकट देखिन थाल्यो र नेकाले कुनै विकल्प खोज्नुभन्दा पहिले नै, आफ्नो उम्मेदवारलाई जिताउन प्रचण्डले फेरी पुरानै तरिका रोजे । उनले पुराना सबै तिक्तता बिर्सेर एमालेसंग मिलेर नयाँ गठबन्धन सरकार गठन गरे । अवसरको खोजीमा रहने र जसरीपनि सत्तामा टिकी रहने राजनीतिमा 'तू नही तो और सही, और नही तो और सही'को प्रवृत्ति अनौठो होइन, र सत्ताको निम्ति त्यत्रो जनयुद्धलाई समेत आफू अनुकूल रुपान्तरण गरिआएको प्रचण्डको निम्ति त झन् यो अनौठो होइन । नेपालको वर्तमान राजनीतिमा प्रचण्ड सबैभन्दा अस्थिर (उनको शब्दमा गतिशील) म्याटेरियल हुन्, जस्लाई बडो सावधानीपूर्वक प्रयोग गर्नु पर्छ । एउटा कुरा त निश्चित छ, आफ्नो उद्देश्यपूर्तिको निम्ति उनीभन्दा चतुर र सम्भावित स्थितिलाई आकलन गर्नसक्ने राजनीतिज्ञ नेपाली संसदीय राजनीतिमा हाल अर्को देखिएका छैनन् ।

वैचारिकी र जनहितको दृष्टिले वर्तमानमा समग्र सत्तावृत्त पटक पटक छली संरचना साबित हुँदैआएको छ । यसपटक पनि भिन्न छैन । आफूलाई मार्क्सवादी र लेनिनवादी भन्ने एमाले र माकेले यस नयाँ गठबन्धनलाई वाम एकताको नयाँ अध्याय र सबै वामपन्थी दलहरुलाई सरकारमा समेटने कुरा गर्दैछन् । यस्तो भै दिए त राम्रो हुने थियो । तर यथार्थ के हो भने यो सत्ताको निम्ति गरिएको गठबन्धन मात्र हो । अवसर अनुकूल भएन भने विगत जस्तै यो गठबन्धनपनि जुनसुकै बेला भत्किने सम्भावनापनि त्यतिकै छ । यस्तो किन भनियो भने यो गठबन्धन वाम एकताको कुनै वैचारिक प्रक्रिया र बहसबाट गुज्रेर बनेको छैन ।

यसबाट जनताले के अपेक्षा गर्ने त ? केही होइन, कागलाई बेल पाक्यो, हर्ष न बिस्मात ! यस्तो किन भनियो भने यो नयाँ गठबन्धनपनि विगत जस्तै कुनै जनताका विषयमा विवाद भएर बनेको होइन ।

राजनीति, सरकार, वित्तीयतन्त्र र कर्मचारीतन्त्रका अनैतिकता, अराजकता, भ्रष्टाचार र अनियमितता सबैतिर यथावत रहनुको बीच यो नयाँ गठबन्धन बनेको हो । अझ नयाँ सरकारमा आउने राजनीतिक दलका कयौँ नेताहरु स्वयं भ्रष्टाचार र अनियमितताका आरोपित पात्रहरु हुन् ।

यी पात्रहरु बारे गठबन्धनदलकै कयौँ सांसद र नेताहरुले सार्वजनिकरुपमा आरोप लगाउने गरेका छन् । तर यसबेला ती सबै आरोपहरु ओझेलमा पारिएका छन् ।

त्यसैले यस नयाँ गठबन्धनबाटपनि जनताले कुनै अपेक्षा नराखे हुन्छ । वस्तुतः समग्र राजनीतिको चरित्र जनवादी नहुन्जेल सम्म र यस अनुसार व्यवस्थापकीय संरचनामा निर्णायक परिवर्तन नआएसम्म जनताको अपेक्षा पूरा हुने सम्भावना छैन ।

यो नयाँ गठबन्धनको सरकार संसदीय राजनीतिमा नियमित निरन्तरतामा सामान्य हेरफेर मात्र हो ।

# जनकपुर उपमहानगरलाई गिज्जाईरहेकोदलीत बस्ती



पुनिता महरा

५सन्तानकीआममाअनिताएकलमहिलाहुन् । उनको उमेर २७वर्षको भयो । उनको १२ वर्षको उमेरमा बालबिवाहभएको हो । अनिताको ४ छोरी र १ छोरा छन् । श्रीमानको मृत्यु भैसकेको छ । उनीमाथि ५जना छोरा छोरीको भार रहेको छ । परिवार र आफ्नो जीवनधान्नको निम्तिअनिता छोरी सहित प्लाष्टिक बटुलेर बेच्ने गर्छिन् । त्यो बाहेक उनीअरुको घरमा (मोहल्ला) घरायसीकाम गर्छिन ।

यतिकामले मात्रआफ्नो परिवार पाल्नगाह्रो भएको उनी बताउँछन । उनी भन्छिन ,'मेरो नागरिकता बनेको छैन् ,जसले गर्दा पनि मैले छोरा छोरीलाइ विद्यालय पठाउन पाइन ।' सरकारी स्कुलमा मा एक-दुई दिनविद्यालयगए तर जन्मदर्ता नहुदाभर्ना गर्न मिलेन र बच्चाहरु विद्यालय छोडि बालश्रम गर्न बाध्य छन ।

उनको भागमा एउटा सानो कुचुक्क परेको झुपडी छ । चारै तिरबाट बाँसको बारमा कपडाहरुले बेरेको , छाना माथिपनि टिन , प्लाष्टिक र कपडाले छाएको छ । उनको घर भित्र ३ ओटा टिनको बाकस छ त्यो बाकस माथि कपडाहरु र सामान राखिएको छ । त्यसको हल्का छेउमा माटोको चुल्हो छ । अनिता र उनको परिवार बस्न खानको लागीपनि ठुलो ठाउँ छैन उनीहरु ५ जना नै चुल्होको छेउमा विस्तारा लगाई सुत्नबाध्य छन् । जसले गर्दा चिसोको त डर छ नै साथै चारैतिर बाट खुल्ला रहेको त्यो ठाउँमा सर्पको डर पनि त्यति नै छ । त्यति मात्रनभएर कुनै दिनआगोलागीपो हुन्छ कि भन्ने डर उनलाई हरेक रात हुन्छ । उनी भन्छिन्, 'हावाहुरी आउदा छोरा छोरी लाई च्यापेर बस्छु' । यहिअवस्थामागुज्रिनुमाअनिताको श्रीमान साथमानहुनुका साथै अनिताले गर्ने मजदुरीबाट धेरै आम्दानीनहुदा न उनले छोराछोरीलाई विद्यालय पठाउन सकिन न सुरक्षितबासस्थानको व्यवस्था गर्न सकिन । उनी भन्छिन्, 'हामी गरिब, भागवानको भरमा बाँचिरहेको छौ' । अनिताले अहिले सम्म कुनै पनिखालको केहि पनि राहतपाएकि छैनन् । उनको आफ्नो जग्गा छैन जसको जग्गामाउनी बसेकि छिन उनलाई त्यो ठाउँ छोडि अन्तजानभनेर धेरै पटक भनिसक्यो तर उनीअन्योलामा छिन अब कताजाने?जुन कुराले आजभोलीअनितालाई झन धेरै सताउछ । अनिताको भनाइ रहेको छ आफ्नो बच्चाहरुको लागी पढ्ने वातावरण मिलाउन सकेमा र सरकारले सुरक्षितबासस्थानको व्यवस्था गरिदियो भने उनको आधासमस्याहलहुने बताउछिन । उनीआफु एकलमहिलाभएकै कारण केहि गर्न नसक्ने कुरा व्यक्त गर्छिन ।

यो अबस्थाजनकपुर उप-महानगरपालिका १ स्थित रहेको सिता चोकको मेस्तर बस्ती हो । रेल्वे ट्र्याक भन्दाथोरै तलजाँदात्यो बस्ती देख्न सकिन्छ । मेस्तर बस्तीमा लगभग २५ दलित समुदाको घरहरु रहेको छ । एउटा कच्चीबाटोले पुर्व पश्चिमतर्फ जाने र त्यसको उत्तर पट्टीफोहरै फोहर,सानो नाला जस्तो ठाउँमा मेस्तर बस्तिअवस्थित छ । त्यहिनालापारी बोरा, टिन, बाँसको बार , माटो र पुरानो कपडाहरुले बनेका स-सानो टहराहरु छन । कसै-कसैले इँटा र माटोले घेरेर र कोहिले खर र टालिले छानो छाएका छन ।

त्यहि बस्तीकी करिया देबि राउत ५० बर्षकि उनका ३ छोरा मध्ये २ छोरा बिवाहित र श्रीमानझुलनिया मेस्तर बितेको पन्ध्र बर्ष भैइसकेको छ । करिया देबीको परिवारमा १२ जना छन् । यति धेरै परिवारको लागी बस्ने बासस्थानभने तीन वटा सानो झुपडी छ उनीहरुको सानो-सानो झुपडीको बिचमाथोरै जग्गा छ । त्यस जग्गामाकल (टयुवेल) मात्र अटाएको छ भने चर्पी अटाउने ठाँउ पनि छैन । यो जग्गाबाट उनीहरुलाई हटाउने भनिरहेको छ । त्यहाँउनीहरु आफ्नो बुवाको समय देखी नै बस्दै आइरहेका छन् । त्यो जग्गाबाहेक उनीहरुको सर्नको लागीअन्तकुनै ठाउँ छैन । "हामिलाई हटायो भने काहाजानु ? वडा अध्यक्षलाई भन्दा उल्टै हामिलाई भन्नुहुन्छ, तिमीहरुले मलाई जिताएका छैनौ के तिमीहरुको गुनासो सुनौ? कसैले हाम्रो चित्तकार सुन्दैन,दुबै भाईले आफनो दुखेसो पोखे ।

यो समस्यादिपकको परिवारको मात्रहोइन, मेस्तर बस्तिका हरेकको नै आफ्नो नाममाजग्गा छैन । जीविकोपार्जनको लागी न त राम्रो जागीर छ न त उब्जनीहुने जग्गा नै ।

त्यस्तै, त्यहिबस्तिमा बस्ने संगिता राउत २५ र सुरज राउत ३० बर्षका उनीहरु श्रीमानश्रीमतीहुन । उनीहरुको ३ छोरी र २ छोरा गरि ५ सन्तान छन् । " पिउने पानीको लागीउनीहरु सँग आफ्नो कल छैन । सार्वजनिक कलबाट पानीभर्न धेरै गाह्रो छ । उनीहरु दलितभएकै कारण पटक-पटक गैरदलितबाट अपमानित हुनुपर्छ । घरमा बिजुलीबत्ती छैन गैरदलितको घरबाट बिजुलीमाग्दादिदैनन् । चुनावको बेला नेताहरुले आश्वासन देखाए तर केहि काम गरिदिएनन् भन्ने संगीतको भनाई छ । उनी चाहन्छिन् सरकारले एउटा घर, बिजुलीबत्ती, श्रीमानको लागीजागीर र बच्चाहरुको पढाईको व्यबस्था गरिदियोस । संगीता हरेक दिन छाना विहिनहुने हो कि भन्ने डरले चिन्तित छिन् । मेस्तर बस्तिको दलितहरु आर्थिक समस्या बाट माथिउकासिननसक्नुमा त समस्या छदै छ तर गैर दलितले दलितभनि हेपिने व्यवहार र पाउनु पर्ने सहयोग बाट पनि मेस्तर समुदाएकादलित अछुत छन् ।

मेस्तर वस्तिका हरेक दलित समुदाय हरेक सेवा, सुबिधा र अधिकार प्राप्त गर्नबाट बञ्चित छन् । कमजोर आर्थिक अवस्था र जन्मदर्ताको प्रमाणिकर नभएकै कारण स्कुलजाने अवसर बाट रोकिनु पर्ने बाध्यात्मक परिस्थिति छ । स्वास्थ सेवाबारे जानकारी लिन र स्वास्थ्यजाँच गराउनु त उनीहरुको लागी धेरै परको कुरा हो । ५० औं बर्ष देखि त्यहि ठाउँमा बस्दै आएकाउनीहरुको नाममाजग्गा छैन तर उनीहरु बस्दै आइरहेको त्यो जग्गा रेल्वे कम्पनिको नै हो भन्ने कुरा रेल्वे कम्पनीको संचालकएवमप्रवन्धक निरञ्जन झाले बताउनु हुन्छ । वहाँको अनुसार विगत १० वर्ष देखि रेल्वे संचालननहुदा रेल्वेको जमिनमा घर टहराहरु र व्यक्तिहरुले अतिक्रमण गरे । जिम्मेवार व्यक्तिनभएको कारण यो जग्गाहरु अतिक्रमण भएको हो । रेल्वेको जतिजमिनकिनिएको छ त्यो कामको लागिनितीअनुसार लिएको जमिनहो । तर तीबस्तिका समुदायभने बर्षौ देखि बस्दै आएको र यो बाहेक अन्तकतै पनिजग्गानहुदाविच्चलिमा छन । यो वस्ती हटाउनु पुर्व हामिलाई व्यवस्थित गरिदिउनभनिआवाजपनि उठाइरहेका छन् । वहाँकाअनुसार जग्गापहिचान गरेर व्यक्तिलाई सरकारले व्यवस्थित गर्छ । यदि कसैले जग्गा अतिक्रमण गरेको छ भने त्यो अतिक्रमित जग्गाबाट बस्ती हटाउने कानुनमाप्रचलित ऐन छ ।

मेस्तर बस्ति ५० बर्ष पुरानो होईन । बिास २०४४ मा नापीभएको बेलात्यो बस्ती थिएन । मेस्तर वासिहरु झुठो बोलिरहेको छ । त्यो बस्तीको अवस्था के कस्तो छ त्यो बारे म भन्दा बढि वडा अध्यक्षलाई जानकारी हुन सक्ने जनकपुर उप-महानगरपालिकाकाप्रमुखमनोज शाहको भनाई रहेको छ ।

स्थानिय मेस्तर १० घर परिवार मात्रसिता चौकमाअवस्थितथियो र अरु घरपरिवार पछि आएको छ । बस्तिभित्रका सम्पुर्ण व्यक्तिसँगनागरिकता छ । नगरपालिकाले सबैलाई रोजगारी दिएको र साथै उनीहरुको कमाई पनि एक दम राम्रो छ । मेस्तर बस्तिका जो व्यक्तिभुमिहिन रहेको छ उनीहरुको लागिभुमिउपलब्ध गराई दिनफारम भरि नगरपालिकाबुझाई सकेको सिता चौक वडा नं.१ का अध्यक्ष देबु यादवले बताए ।

जनकपुर उप-महानगरपालिकामा २०७९(९(१ माभुमिआयोगले सुकुम्वासी र अव्यवस्थितभुमिहिनलाई व्यवस्थापन गर्ने सुचनानिकालेको थियो । फारम भर्न ३५ दिनको म्याद राखिएको थियो । जनकपुर उप-महानगरपालिकामा २५ वटा वडामा अहिले सम्म १६ वडाले मात्रफारम भरेर बुझाएका छन । १६ ओटा वडाबाट २१०७भुमिहिन र सुकुम्वासीफारम आएको छ । सिता चौक वडा नं.१ को सम्पुर्ण सुकुम्वासीफारम ७१ र अव्यवस्थितभुमिहिनको ४६ फारम बुझाएका छन । तर समय धेरै वितिसक्दापनिकार्यहरु भने हुन सकेको छैन । पालिकाले समिति गठन गरेर काम अगाडी बढाउनु पर्ने हुन्छ तर अहिले सम्म कुनै योजना नबनेको नगरपालिकाको नापिअधिकृत रतनकुमार साहले बताए । २०७२ को संविधान अनुसुची ३ मा सुकुम्वासी समस्या सामाधान र अनुसुची ४ मा अव्यवस्थितभुमिहिन समस्या सामाधान गर्ने सरकारले उल्लेख गरेको छ ।

भुमिआयोगले हरेक जिल्लामाआफ्नो आयोग गठन गरेको छ। भुमिआयोग आफ्नो हरेक जिल्लामा सार्वजानिक सुचनानिकालि सकेको छ। सामान्यतयकामगर्दा संमन्वयन , सहजिकरण गर्ने काममा समान्य छलफल गरेर गर्ने छ। तर कुनजिल्लामाकतिकामभयो त्यो किसिमले संयुक्त बैठक बसेको छैन । त्यो आयोगको समितिमाजिल्ला समन्वयनकार्यलयको अधिकृत प्रतिनिधि हुन्छ । यो जिल्लामाकतिले निवेदनदियो त्यो डाटा उपल्बध छैन । भुमिहिन र सुकुम्बासिलाई जग्गादिने भुमि सम्बन्धि ऐनमै व्यवस्था रहेको छ । जग्गापहिचान गरेर व्यक्तिलाई सरकारले व्यवसिथत गर्छ । अतिक्रमण गरेको जग्गाबाट बस्ती हटाउने कानुनमाप्रचलित ऐन छ । तर पुरानो बस्तिलाई पहिचान गरी भुमिआयोगले व्यवस्था गर्ने जिल्लाप्रमुखअधिकारी चक्रपाणी पाण्डेले बताए ।

बि.स २०६८ मा पहिलो पटक राष्ट्रिय भुमिआयोग लागु भयो । भुमिव्यवस्थातथा कृषिमन्त्रालयकामाननियमन्त्रीश्री गोविन्दबहादुर न्यौपाने का अनुसार भुमिहिन र सुकुम्बासिलाई जग्गादिने भुमि सम्बन्धि ऐनमाव्यवस्थाउल्लेख गरिएको छ भनिबताउनुभयो ।

भुमिआयोगको नीतिअनुसार ५ बर्ष भित्र सुकुम्बासी र भुमिहिनको समस्या सकिनु पर्ने हुन्छ तर २ बर्ष भइसक्दापनिकामभने अगाडि बढ्न सकेको छैन । नयाँ सिस्टमअनुसार भुमिहिनलाई जग्गाप्रदान गर्नको लागी वडा अध्यक्षसंग सिफारीस मात्रनभई समितिसंग पास गराउनु पर्ने हुन्छ जहाँ राजनीतीकदलकाप्रतिनिधि, वडा निर्वाचितप्रतिनिधि स्थानीयतहको व्यक्ति, त्यहिको स्थानियदलितप्रतिनिधि र जो भुमि सम्वन्धिकामगर्दै आईरहेकालाई संगठनमा राख्नु पर्ने हुन्छ साथै किसान समितिसंग पनिसिफारिस लिनु पर्छ । जसमध्ये दलित सुकुम्बासी र अव्यवस्थितभुमिहिनको डाटा पेश भैसकेको छ । अहिले सम्म प्रावधानअनुसार १८ वटा जिल्ला संग सम्झौता भैसकेका छ । भुमिहिन सुकुम्बासीको डाटा वडाबाट पालिकामा आएपछि त्यहाँको बोर्डको बैठक बस्छ । त्यसमानगर प्रमुख , उपप्रमुख, कार्यपालिकाको सदस्य , प्रशासकियअधिकृत , राजनितिकदलको प्रतिनिधि , दलित समुदायको प्रतिनिधि र किसान संगठन संग बैठक बसि जाँच गरि सिफारिस गर्नु पर्छ । त्यस पछि पास भएर जिल्ला समन्वयन समितीको कार्यलयमागएर फाईन्डआउट भए पछि बल्लभुमिदिने ऐन छ । । यो कार्यक्रमअन्र्तगतदलित र भुमिहिनलाई आठ धुर एक कन्माजग्गादिने निर्णय गरेको छ । सिता चौकमा रहेको मेस्तर बस्तीको अध्ययनहुनवाँकि रहेको अयोगकाधनुषाजिल्लाका सदस्यएंवप्रवक्ता रामगोविन्दयादवले बताउनु भयो ।

दलित र विपन्नवर्गको लागीभनेर जनताअवास र महेन्द्र नारायण निधिले पनिकामलाई निरन्तरतादिने प्रयास गरिरहेको छ । जनताआवासको बजेट विनियोजन केन्द्रबाट हुन्छ भने महेन्द्र नारायण निधिको बजेट प्रदेशबाट विनियोजन हुन्छ । आवासको काम धेरै अगाडि बढिसकेको तर बजेट निकासामा अर्थ मन्त्रालयबाट कन्जुसाई गरेको छ । जनताआवासले भुमिउपलब्धनगराई जहाँबसोबास गर्दै आईरहेको छ जो संग लालपुर्जा छ त्यसकोलागि रहेको छ । र महेन्द्र नारायण निधिकार्यक्रमले घर बनाउने काम गर्छ । जो व्यक्ति १० बर्ष भन्दा बढि ऐलानिजग्गामा बसिरहेको छ र विपन्न छ भने उनिहरुको पनिव्यवस्थापन गर्ने सरकारको उतरदायित्व रहेको । सिता चोकको मेस्तर बस्तिको बारेमा अहिले अधिकजानकारी नभएको र यस्कोलागि कर्मचारी खटाउने र बजेटको व्यवस्थापनभइरहेको मधेश प्रदेश भौतिकपुर्वाधार विकास मन्त्रालयकामाननियश्री कृष्ण प्रसाद यादवले बताउनु भयो ।

सरकार लगतै भुमिआयोग गठन भयो तर कार्यकर्ता व्यवस्थापनमात्रभयो । असलीभुमिहिन मेस्तर बस्तीको कुनै अध्ययन नै भएन । प्रदेश सरकार गठन भन्दापहिला देखी नै मेस्तरहरु बस्दै आई रहेको छ । मेस्तर वस्तीको थोरै दुरीमामधेश प्रदेशको भवन रहेको छ तर त्यो बस्ती प्रदेशको आखाँमापनि परेन । स्थानियनिकाय जस्को सबै भन्दा महत्वपुर्ण भुमिका हुन्छ त्यसले पनिआखाँबन्द गरी उल्टै मेस्तरहरुलाई दोष दिनमाब्यस्त रहेको छ । जनकपुरको फोहेर सफा गर्नेहरु आफै फोहोरमा बस्न बाध्य छन । मेस्तर बस्तीका केहिव्यक्तिलाई जनकपुरको फोहेर सफागर्ने कामदियो तर खानापुर्ती र दिर्घकालिन सामाधान हेतु कुनै पहलभएको छैन । समग्रमा हेर्दा त्याहा बस्ती छ, समस्या छ तर मौलिक हकबाट बञ्चित छन । तिनतहको सरकार छ तर जिम्मेवारी लिन सबै पन्छिएका छन । समस्याको स्वीकारोक्ती सम्म पनि देखिएन ।

# माओवादीलाई उपयोग गर्ने कल्पना नगर्दा हुन्छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले माओवादीलाई कसैले उपयोग गर्न नसक्ने बताउनुभएको छ।

उहाँले माओवादी कहिल्यै पनि उपयोग नहुने स्पष्ट पार्नुभयो । सहिद सप्ताहअन्तर्गत सहिद प्रतिष्ठान नेपालले आज आयोजना गरेको ‘शान्ति प्रक्रिया, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र आजको राजनीति’ प्रधानमन्त्री दाहालले माओवादीको आफ्नै गतिशील पहिचान रहेको स्पष्ट पार्नुभयो।

“साँचो कुरा हो, माओवादी सिद्धान्त र विचारका दृष्टिकोणले जमेको पोखरी जस्तो गरेर बस्ने होइन, गड्गडाउँदो नदीजस्तो बग्छ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “निरन्तरतामा रमाएर स्थिरतामा बस्न सक्दैन । निरन्तरतामा क्रमभङ्ग गर्दै नयाँ परिस्थिति सिर्जना गर्दै अगाडि बढ्ने शक्ति हो ।” सहिद सप्ताहको अन्तिम दिन अर्थात् सुखानीमा सहादात भएको दिन निरन्तरतामा क्रमभङ्ग भएको उल्लेख गर्दै प्रधामन्त्री दाहालले भन्नुभयो, “माओवादी नेपाली जनताको घोडा हो, अरु कसैको घोडा होइन ।” आजको दिनमा जे कुरा भएको त्यो सानो कुरा नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पछिल्लो परिवर्तनलाई राम्रोसँग बुझ्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “सबै क्रान्तिकारी एकताबद्ध हुनुपर्ने आवश्यकता छ, खिइँदै, सुक्दै जानु भएन, यो हुँदैन ।” प्रक्रियावादीले आफूलाई घेरा हाल्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले निरन्तर परिवर्तनका पक्षमा लाग्ने स्पष्ट पार्नुभयो । सहिद सप्ताहको अन्तिम दिन सबैले एकताबद्ध हुने अठोट गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “क्रान्तिकारीले ठूला कुरा गर्नेभन्दा सबै एक ठाउँमा हुने बाटो खोजौँ, त्यो वैज्ञानिक हुन्छ, त्यो क्रान्तिकारी हुन्छ ।” आफूले समाजवादी मोर्चामात्र नभएर बृहत्तर कम्युनिष्ट एकताको पहल गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहिदका सपना पूरा गर्नका लागि दुष्मनका घेराबन्दी तोड्दै अगाडि बढ्ने अठोट व्यक्त गर्नुभयो।

क्रान्तिको बाटो सोझो नहुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, “मानिस दुई खुट्टाले हिँड्नुपर्छ, कहिले दायाँ र कहिले बायाँ खुट्टा अगाडि जान्छ, मार्क्सवाद भनेको गन्तव्यमा पुग्नका लागि दुई खुट्टाले हिँड्नुपर्छ ।” नेपालले वैज्ञानिक र सन्तुलित भू-राजनीतिक परराष्ट्र नीति अपनाएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले दाहालले त्यसका लागि ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले राष्ट्र र जनताप्रति आफू जिम्मेवार भएर अगाडि बढ्ने स्पष्ट पार्नुभयो।

**देश र जनताका हितका लागि क्रान्तिकारी कम्युनिस्टबीच एकता हुनैपर्छ : प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले देश र जनताका हितका लागि क्रान्तिकारी कम्युनिस्टबीच एकता हुनैपर्ने बताउनुभएको छ। सहिदको सपना पूरा गर्न पनि क्रान्तिकारी शक्तिबीच एकता, सहकार्य जरुरी रहेको उल्लेख गर्दै उहाँले सहिदहरुको सपना पूरा गर्नका लागि पनि एक ठाँउमा आउनैपर्नेमा जोड दिनुभयो।

सहिद प्रतिष्ठान नेपालले सोमबार यहाँ आयोजना गरेको शान्ति प्रक्रिया, गणतन्त्र र सोमबारको राजनीति विषयक अन्तरक्रियामा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री प्रचण्डले क्रान्तिकारी एक ठाँउमा केन्द्रित हुन जरुरी रहेको बताउनुभयो । सहिदको सपना पूरा गर्ने लक्ष्यका साथ समाजवादी मोर्चा मात्रै नभएर बृहत्तर कम्युनिस्ट एकताको पहल भइरहेको उहाँको भनाइ थियो।

माओवादी सिद्धान्त र व्यवहारका हिसाबले जमेको पोखरी नभई गडगडाउदो नदी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “माओवादी निरन्तरतामा रमाएर स्थिरतामा बस्न सक्दैन । नयाँ-नयाँ परिस्थिति सिर्जना गर्ने जात हो माओवादी । सहिद सप्ताहको अन्तिम दिन निरन्तरतामा क्रमभङ्गता भएको छ।”

प्रधानमन्त्री दाहालले सोमबारको दिनलाई विशेष दिनका रुपमा रहेको टिप्पणी गर्नुभयो । “नयाँ उथलपुथल भएको दिन पनि बन्यो। यो ठूलो कुरा हो । क्रान्तिकारी एक हुने अवस्था छ र बृहत्तर कम्युनिस्ट एकताको पहल पनि भइरहेको छ”, प्रधानमन्त्रीले भन्नुभयो।

उहाँले आफूहरुलाई घेरा हालेर सिध्याउने कोशिस भएपनि त्यसलाई तोड्दै आएको उल्लेख गर्नुभयो। उहाँले आफ्नै नेतृत्वमा जनयुद्धका सहिदलाई राष्ट्रिय सहिद घोषणा गरेको र बाँकी रहेकालाई समेत छिट्टै घोषणा गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

शान्ति प्रक्रियाको कामलाई टुङ्गो लगाएर सहिद तथा बेपत्ता परिवारलाई परिपूरण, रोजगारीलगायतका विषयलाई सम्बोधन गरिने प्रधानमन्त्रीको भनाइ छ। प्रधानमन्त्रीले माओवादी नेतृत्वको सरकारले जनयुद्धका सहिदलाई राष्ट्रिय सहिद घोषणा गरेको र जनयुद्ध दिवसमा राष्ट्रिय बिदा दिएको विषयलाई खुलेर प्रसंशा गर्न कन्जुस्याई गरेकामा पूर्वमाओवादी घटकप्रति असन्तुस्टि जनाउनुभयो । “ठूला कुरा गर्नुभन्दा हामी क्रान्तिकारीहरु एक ठाँउमा उभिने बाटो खोजौँ त्यसमा नै हामी सबैको भलाइ छ”, प्रधानमन्त्रीले भन्नुभयो।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले जनयुद्ध जनआन्दोलनको जगमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य पेश गर्दै जनयुद्धलाई नकार्ने प्रवृत्तिविरुद्ध सङ्घर्ष जरुरी रहेको बताउनुभयो। देशलाई समृद्ध बनाउने लक्ष्यका साथ आफूहरु नयाँ जिम्मेवारी लिन तयार रहेको उहाँको भनाइ छ।

सहिद प्रतिष्ठान नेपालका अध्यक्ष धर्मशिला चापागाईको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल समाजवादी पार्टीका केन्द्रीय कार्यकारिणी सदस्य जनक शाह र क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका प्रवक्ता धर्मेन्द्र बाँस्तोलालगायतले सहिदको सपना पूरा गर्नुपर्ने बताउनुभयो।

फागुन १४ देखि २१ गतेसम्मलाई सहिद सप्ताहका रुपमा मनाइँदै आइएको छ। झापा विद्रोहदेखि जनयुद्धसम्मलाई जोडेर माओवादीले सहिद सप्ताह मनाउने गरेको हो।

**कम्युनिष्ट एकताको पहल थालेका छौँ : प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बृहत् कम्युनिष्ट एकताको पहल थालिएको बताउनुभएको छ। सहिद सप्ताहको अन्तिम दिन सोमबार प्रधानमन्त्री निवासमा सुखानी सहिदका परिवारसँगको भेटमा उहाँले भन्नुभयो, “सहिदप्रति उच्च सम्मान छ, सोमबारैको मितिदेखि कम्युनिष्ट एकताका लागि थप पहल गरेका छौँ।”

तत्कालीन पञ्चायती शासकले २०२९ फागुन २१ गते रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई सुखानीको जङ्गलमा लगेर हत्या गरेको थियो।

भेटमा सुखानी सहिद परिवारका सदस्य विसेश्वरा दाहाल, जीवन घिमिरे, रविन दाहाल, बुद्ध घिमिरेलगायत सहभागी हुनुहुन्थ्यो। कम्युनिष्ट आन्दोलन र जनयुद्धलाई एकापसमा जोड्नका लागि नेकपा (माओवादी केन्द्र)ले फागुन १४ देखि २१ सम्म सहिद सप्ताह मनाउँदै आएको छ। रासस

## राष्ट्रियसभाका नवनिर्वाचित सदस्यको सपथ



काठमाण्डु । राष्ट्रियसभाका नवनिर्वाचित १९ सदस्यले सोमबार पद तथा गोपनीयताको सपथ लिनुभएको छ । नयाँ बानेश्वरस्थित संसद् भवनमा सङ्घीय संसद् सचिवालयद्वारा सोमबार आयोजित समारोहमा सभाका उपाध्यक्ष उर्मिला अर्यालले उहाँहरुलाई सपथ गराउनुभएको हो । सो अवसरमा उपाध्यक्ष अर्यालले नयाँ सदस्यलाई सभाको प्रतिक चिन्ह लगाइदिनुभयो भने सचिवालयका कर्मचारीले अध्ययन सामग्री वितरण गर्नुभयो।

सभामा यही फागुन २० गतेदेखि कार्यकाल सकिने १९ पदका लागि गत माघ ११ गते निर्वाचन भएको थियो । समारोहमा उपप्रधानमन्धी एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थिति थियो। रासस

## नेपालको राजनीतिमा ‘कोर्स करेक्सन’, वामपन्थी ध्रुवीकरण अघि बढ्यो : सचिव पौडेल



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिव देवेन्द्र पौडेलले नेपालको राजनीतिलाई ‘कोर्स करेक्सन’ गरेर वामपन्थी ध्रुवीकरणतर्फ लैजानुपर्छ भनेर नयाँ गठबन्धन बनाइएको दाबी गर्नुभएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको माओवादीको पदाधिकारी बैठकपछि सञ्चारकर्मीसँग उहाँले भन्नुभयो, “वामपन्थी दलहरु एक होउन् भन्ने नेपाली जनताको चाहना हो, वामपन्थी कमजोर हुने अवस्था आउन नदिन उक्त ‘स्टेप’ चालिएको हो।”

विगतका त्रुटि कमजोरी सच्याएर अघि बढ्नुपर्छ भन्नेबारेमा छलफल भएको उहाँको भनाइ छ। “कुनै न कुनैबेला ‘ब्रेक थ्रु’ गर्न त्यस्तो समयको आवश्यकता पर्छ”, उहाँले भन्नुभयो, “राजनीतिक यात्रामा अवरोध आएपछि नयाँ अध्याय सुरु हुन्छ, यो कुनै नयाँ विषय होइन, बीचमा केही टुटेको थियो, यो विगतकै निरन्तरता हो।”

नेकपा (एमाले) सहितको नयाँ गठबन्धन कायम भएसँगै समाजवादी मोर्चा नेपाल पनि निरन्तर रहन उहाँको भनाइ छ। “समाजवादी मोर्चामा रहेका अन्य दलका शीर्ष नेता पनि वामपन्थी नै हुनुहुन्छ, सबै पार्टीलाई सँगसँगै लिएर अघि बढ्छौँ”, सचिव पौडेलले भन्नुभयो। रासस

## गुणस्तरीय कानुन बनाउन सांसद संसदीय कामका बढी व्यस्त हुनुपर्छ : नेता पाण्डेय

काठमाण्डु । नेपाली कांग्रेसका सहमहामन्त्री एवं प्रतिनिधिसभाका सांसद बद्रीप्रसाद पाण्डेयले गुणस्तरीय नीति र कानुन बनाउन सांसद संसदीय काममा बढी व्यस्त हुनुपर्ने बताउनुभएको छ।

गुणस्तरीय नीति र कानुन नभएसम्म देश नबन्ने उल्लेख गर्दै उहाँले संसदीय काममा लागेका संसद्लाई सम्बन्धित पार्टी र नेतृत्वले पनि प्रोत्साहन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

सांसद पाण्डेयले भन्नुभयो, “संसदीय काममा कति जिम्मेवार हुनुपर्छ र कति समय दिनुपर्छ भन्नेमा नै हाम्रो बुझाइ कम छ । हामीहरु संसदीय गतिविधिभन्दा अरु काममा बढी समय दिन्छौँ।

कहिले संसद्को पूर्ण बैठकमा बहुमत पुग्दैन त कहिले संसदीय समितिमा पनि बहुमत पुग्दैन।

यो हाम्रो कमजोरी हो।”

मतदातामा पनि सांसदहरुलाई सधैँ आफ्नो घरदैलोमा र आफ्नाबीचमा हेर्न चाहने कमजोरी रहेको उल्लेख गर्दै सांसद पाण्डेयले जब सांसद संसदीय काम छोडेर त्यतापट्टि बढी व्यस्त हुन्छन् तब न गुणस्तरीय कानुन बन्ने न गुणस्तरीय नीति बन्ने बताउनुभयो।

“यो कुरा हामीले मतदाताका बीचमा पनि अवगत गराउनु आवश्यक छ। अर्को कुरा पार्टीको नेतृत्व र नेतालेसमेत कुन सांसद संसदीय काममा बढी व्यस्त छ र उसलाई पार्टीले गर्नुपर्ने प्रोत्साहनको पनि कमी देखिन्छ”, उहाँले भन्नुभयो। सांसदलाई संसदीय काममा बढी व्यस्त बनाउनुपर्ने उहाँको भनाइ थियो।

संविधानसभा सदस्य र राष्ट्रियसभा सदस्यको अनुभवसमेत सम्हालीसक्नुभएका तथा हाल प्रतिनिधिसभा सदस्यमा बाजुराबाट निर्वाचित कांग्रेस सहमहामन्त्री पाण्डेयले संसदीय काममा संसद् बैठकभन्दा संसदीय समितिको सक्रियता बढेको बताउनुभयो।

“यो महत्वपूर्ण पनि हो । बजारको भाषामा संसद् भनेको ‘सो रुम’ हो भने समिति कारखाना हुन्।

कारखनामा उत्पादन भएपछि मात्र उत्पादन ‘सो रुम’मा देखाउन सकिन्छ । पछिल्लो संसद्मा हामी समितिमा सक्रिय छौँ। तर पनि समितिबाट एउटा पनि विधेयक निर्माण गरिसकेका छैनौँ”, सांसद पाण्डेयले भन्नुभयो । अहिले आफू रहेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चार विधेयकलाई अन्तिम रुप दिने क्रममा रहेको उहाँले जानकारी गराउनुभयो।



अहिले आफू रहेको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चार विधेयकलाई अन्तिम रुप दिने क्रममा रहेको उहाँले जानकारी गराउनुभयो।

सांसदले विकास निर्माणमा पनि भूमिका निर्वाह गर्नुपर्छ भन्ने जिज्ञासामा उहाँले मतदाताको भावना र निर्वाचनका बेला गरिएका बाचा पूरा गर्न पनि सांसद हाम्रो जस्तो मुलुकको विकास निर्माणका काममा लाग्नुपर्ने बाध्यता रहेको धारणा व्यक्त गर्नुभयो।

नेपाल विद्यार्थी सङ्घका पूर्वमहामन्त्रीसमेत रहनुभएका नेता पाण्डेयले आफूले हाल जिल्लाको, संसदीय र पार्टीको काम गरी तीन कामको जिम्मेवारी रहेको उल्लेख गर्नुभयो।

सांसदले राम्रो विधेयक बनाउन अध्ययन अनुसन्धान गर्नुपर्ने र त्यसका लागि आवश्यक आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्थापन हुनुपर्ने बताउनुभयो।

विधेयक अगाडि बढाउने सम्बन्धमा एउटा सांसदले त्यसको पृष्ठभूमि, देश विदेशको अनुभव, समाजको अवस्था, समकालीन आवश्यकता, चुनौतीलगायत विषय अध्ययन अनुसन्धान गर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ थियो।


कार्यान्वयनयोग्य कानुन बनाउन देखिएका चुनौतीका सम्बन्धमा उहाँले जनताका आवश्यकताभन्दा यथास्थितिमा बढी विश्वास भएर कर्मचारीतन्त्र हाबी हुने गरेको अनुभव सुनाउनुभयो।

उहाँले राजनीतिज्ञले नयाँपन दिन कानुनमा प्रतिविम्ब हुनेगरी काम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

संसदीय समितिका निर्देशन पालनामा देखिएको दोहोरोपनका सम्बन्धमा नेता पाण्डेयले समितिले आफ्नो सीमा र कर्तत्व नबुझ्दा त्यस्तो हुने गरेको बताउनुभयो । त्यही कारणले नै कार्यपालिकाले पनि निर्देशनको अवज्ञा गर्ने गरेको उहाँको दाबी थियो।

फरक प्रसङ्गमा उहाँले हाल केही युवामा राजनीतिप्रति देखिएको वितृष्णलाई हटाउन राजनीतिज्ञले विश्वासको वातावरण बनाउने गरी आफ्नो व्यवहार प्रकट गर्नुपर्ने उल्लेख गर्नुभयो। रासस

## देशमा परिवर्तन आवश्यक छः अध्यक्ष ओली



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको विकास र समृद्धिका लागि देशमा परिवर्तन आवश्यक भएको बताउनुभएको छ।

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) को ७७औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले देशको परिस्थिति छिटोछिटो हिँडेको उल्लेख गर्दै यथास्थितिको अन्त्य र अग्रगमनका लागि देशमा परिवर्तन आवश्यक भएको उल्लेख गर्नुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, “अहिलेको भताभुङ्ग अवस्थाबाट मुलुकले आंशिकरुपमा भए पनि केही सकारात्मक परिवर्तन हुन्छ तर जे सुकै परिवर्तन भए पनि हामी ‘मिसन-२०८४’ छाड्दैनौँ। अब हुने २०८४ सालको निर्वाचनमा एमालेले आफूलाई राष्ट्रिय शक्तिका रुपमा निर्वाचित हुने र त्यसलाई निर्णायक शक्तिका रुपमा विकसित गरी मुलुकको विकास र समृद्धिमा तीव्रतापूर्वक काम गर्ने हाम्रो अभियान जारी रहनेछ।”

अध्यक्ष ओलीले कृषिको आधुनिकीकरण र औद्योगिक क्षेत्रमा व्यापक विकास गरेर रोजगारी बढाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले जिफन्टका नेता-कार्यकर्तालाई मजदुर र तल्लो वर्गको हितका साथै सिङ्गो समाजको हितमा केन्द्रित भएर काम गर्न निर्देशन दिनुभयो।

मजदुरहरुले हड्ताल र बन्द गर्न नपर्ने गरी नीतिगत र कानुनी प्रबन्ध गर्दै कार्यान्वयनमा लाग्न आग्रह गर्दै उहाँले युवाहरुलाई उद्यमशीलतामा परिचालित गरेर रोजगारी बढाउन पनि आग्रह गर्नुभयो। रासस

# बङ्गलादेशका नोबेल पुरस्कार विजेतालाई भविष्यको चिन्ता

**एएफपी**

ढाका । बङ्गलादेशका नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले प्रधानमन्त्रीले आफूलाई किन घृणा गर्नुहुन्छ भन्ने 'लाखौँ डलरको प्रश्न' भएको बताउनुभएको छ । यद्यपि धेरै मानिसले प्रधानमन्त्रीले उहाँलाई राजनीतिक खतराको रूपमा हेर्नुभएको विश्वास गर्छन् ।



त्रियासी वर्षीय युनुसलाई उहाँको अग्रणी लघुवित्त बैंकका साथ लाखौँ मानिसलाई गरिबीबाट बाहिर निकालेको श्रेय दिइन्छ तर उहाँले लामो समयसम्म प्रधानमन्त्री शेख हसिनाको दुश्मनी कमाउनुभएको छ ।

एउटा आपराधिक मुद्दामा उहाँलाई सजाय दिइएको केही सातापछि गत महिना उहाँका धेरै फर्महरूलाई 'जबर्जस्ती' कब्जामा लिइएको थियो । उहाँका समर्थकहरूले उहाँलाई दिइएको सजाय राजनीतिकरूपमा प्रेरित भएको बताएका छन् ।

"उहाँ मलाई खुन चुसाहा भन्नुहुन्छ, मलाई सबै फोहोर शब्दले गाली गर्नुहुन्छ", युनुसले हसिना स्वयंलाई सिधा आरोप लगाउन सावधानी अपनाउँदै भन्नुभयो, "उहाँ मलाई किन घृणा गर्नुहुन्छ ? केही मानिस यो राजनीतिक हो र उहाँ मलाई एक राजनीतिक प्रतिद्वन्द्वीका रूपमा हेर्नुहुन्छ भन्छन् ।"

जनवरीमा युनुस र उहाँले स्थापना गर्नुभएका कम्पनीहरूमध्ये एक ग्रामीण टेलिकमका तीन सहयोगीलाई श्रम कानूनको उल्लङ्घन गरेको आरोपमा छ महिनाका लागि कारागार सजाय सुनाइएको थियो । चारै जनाले ती आरोपहरूलाई अस्वीकार गर्नुभएको छ र पुनरावेदन विचाराधीन रहेसम्म जमानत दिइएको छ ।

श्रम कानूनको उल्लङ्घन र कथित भ्रष्टाचारको आरोपमा एक सयभन्दा धेरै अन्य आरोपहरूको सामना गरिरहनुभएका युनुसले आफ्ना कम्पनीहरू जबर्जस्ती अधिग्रहण गर्नु लोकतन्त्रको अभावले भएको बताउनुभयो । "ती मुद्दा कमजोर आधारमा बनाइएका हुन्", गत साता राजधानी ढाकामा एक अन्तरवार्तामा उहाँले भन्नुभयो, "म यसका लागि कुनै कानूनी आधार देख्दिनँ, सम्भवतः यो राजनीतिकरूपमा प्रेरित हो ।"

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव बान कि मुनसहित करिब एक सय ६० वैश्विक हस्तीहरूले गत वर्ष एक संयुक्त पत्र प्रकाशित गर्दै युनुनको 'निरन्तर न्यायिक उत्पीडन' को निन्दा गर्नुभएको थियो । उहाँका एक सयभन्दा धेरै नोबेल पुरस्कार विजेता साथीसहित हस्ताक्षरकर्ताहरूले उहाँहरूलाई 'उहाँको सुरक्षा र स्वतन्त्रता' को डर भएको बताएका छन् ।

विपक्षीहरूको व्यापक बहिष्कार र आफ्ना राजनीतिक विरोधीहरूविरुद्ध ठूलो कारवाहीसँगै वास्तविक विपक्षी दलहरूबिनाको मतदानमा ७६ वर्षीया हसिनाले जनवरीमा आफ्नो लगातार चौथो आम निर्वाचन जित्नुभयो ।

बङ्गलादेशी अदालतहरूमाथि आलोचकहरूले हसिना सरकारले लिएका फैसलालाई औपचारिकरूपमा अनुमोदन गरेको आरोप लगाएका छन् । "यो एक दलीय राज्य हो किनकी अन्य दलहरूको कुनै गणना हुँदैन, हामी आफ्नो विचार व्यक्त गर्न सक्तैनौँ र मतदान केन्द्रमा गएर आफ्नो मताधिकारको प्रयोग गर्न सक्तैनौँ", आलोचकहरूले भनेका छन् ।

सन् २००७ मा युनुसले दशकौँदेखि हसिना र उहाँका प्रतिद्वन्द्वी खालिदा जियाको प्रभुत्वमा रहेको राजनीतिमा तेस्रो विकल्प प्रस्तुत गर्नका लागि 'नागोरिक शक्ति' अर्थात 'नागरिक शक्ति' आन्दोलन सुरु गर्नुभएको थियो । तर सत्ता सङ्घर्ष र झगडाका प्रतिद्वन्द्वीहरूले आफूलाई निराश बनाएपछि उहाँले राजनीतिबाट पछि हटेको बताउनुभयो ।

"म कुनै राजनीतिक व्यक्ति होइन, मैले त्यस्तो गर्दिनँ, त्यसैले मैले कुनै राजनीतिक दल खोल्न गइरहेको छैन भनेर तुरुन्त घोषणा गरेँ", उहाँले भन्नुभयो । उहाँले लोकतान्त्रिक अधिकारहरूको अत्यावश्यकतामाथि जोड दिनुभयो ।

"यदि तपाईंसँग लोकतन्त्र छैन भने मानवअधिकार लोप हुन्छ", उहाँले भन्नुभयो, "किनकी कसैले आपत्ति गर्दैन, तपाईंको रक्षा गर्ने कोही छैन, कानूनको शासन हराएको छ ।"

उहाँ आफ्ना कम्पनीहरू कब्जा गर्ने पछिल्लो प्रयास सरकारले गरेको थियो भन्नेबारे नबोल्न सतर्क हुनुहुन्छ तर उहाँले आधिकारिक प्रतिक्रियाको पूर्ण अभाव रहेको बताउनुभयो । "कानूनको शासन भए भवन, कार्यालयका विषयमा म प्रहरीकहाँ जाँदा प्रहरी तुरुन्तै आइपुग्छ किनकी उनीहरूको जिम्मेबारी मेरो रक्षा गर्नु हो", उहाँले भन्नुभयो, "प्रहरीले यस्तो गरेको छैन, उनीहरू गए मात्र, उनीहरूले केही पनि गल्ती देखेनन्, यो कानूनको शासन होइन ।"

उहाँलाई कार्बन उत्सर्जन कम गर्ने, बेरोजगारी अन्त्य गर्ने र गरिबी घटाउने उद्देश्यको 'थ्रि जिरो' योजनाको भविष्यमाथि डर छ । "मलाई कारागारमा हालियो भने मानिसहरूले नयाँ संसार बनाउनका लागि आफ्नो दिन-रात खर्च गरिरहेको यो विश्वमा जारी सम्पूर्ण आन्दोलनकालागिठूलोधक्काहुनेछ", उहाँले भन्नुभयो ।

यद्यपि स्विट्जरल्यान्ड वा अमेरिकामा स्व-निर्वासनमा काम जारी राख्ने प्रस्तावलाई अस्वीकार गर्दै युनुस बङ्गलादेशमै बस्न कटिबद्ध हुनुहुन्छ । "मलाई यहीँ रहनुपर्छ र यहीँबाट सबै सुरु भएको छ", उहाँले भन्नुभयो, "यो म मात्र होइन, यसप्रति समर्पित मुलुकभर मेरो पूरा समूह छ, उनीहरूले सम्पूर्ण जीवन यसैमा बिताएका छन्, यदि म स्थानान्तरण भएँ भने सम्पूर्ण कुरा बिग्रिने छ, यसले सम्पूर्ण कुरा नष्ट हुनेछ ।"

# प्रतियोगिताले अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा सहयोग पुग्ने: मुख्यमन्त्री कार्की



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले विराटनगरमा हुने राष्ट्रिय टि-२० क्रिकेट प्रतियोगिताबाट अन्तर ाष्ट्रियस्तरको खेलाडी उत्पादन गर्न सहयोग पुग्ने बताउनुभएको छ ।

प्रदेशमा यही फागुन २२ गते देखि हुने टि-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा वितरण गरिने ट्रफीको सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा अनावरण गर्दै यो प्रतियोगिता विराटनगरको गिरिजाप्रसाद कोइराला अन्तर्राष्ट्रिय क्रिकट रङ्गशाला हुनु गौरवको विषय भएको बताउनुभयो । उहाँले प्रतियोगिताबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन हुने विश्वास व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले प्रतियोगिता सञ्चालनबाट रङ्गशालाका विकासमा टेवा पुग्नुका साथै सम्पूर्ण पूर्वाधार निर्माणमा सहयोग पुग्ने विचार राख्नुभयो । उहाँले प्रदेश सरकारले खेल क्षेत्रलाई 'युवामैत्री'का रुपमा अगाडि बढाउने योजना बनाइरहेको भन्दै यसलाई रोजगारसँग जोडिने बताउनुभयो । मोरङ जिल्ला क्रिकट सङ्घका अध्यक्ष मोहम्मद साद कुरैसी(बाबु)ले प्रतियोगिता सञ्चालनबाट यस क्षेत्रका युवा क्रिकेटप्रति आकर्षित हुनुका साथै राष्ट्रियस्तरमा खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

मंगलबारदेखि आगामी चैत ३ गतेसम्म विराटनगरको बैजनाथपुरस्थित गिरिजाप्रसाद कोइराला अन्तर्राष्ट्रिय रङ्गशाला हुने प्रतियोगितामा सात प्रदेश र तीन विभागीय गरी १० टिमको सहभागिता रहने अध्यक्ष कुरैसीले जानकारी दिनुभयो । प्रतियोगितामा विजेता हुने टिमलाई रु पाँच लाख तथा उपविजेतालाई रु तीन लाख पुरस्कार प्रदान गरिने छ ।

यसैगरी प्रतियोगिता सम्पन्न गर्न रु ७५ लाख खर्च लाग्ने अनुमान गरिएको छ । प्रतियोगिता लिगका आधारमा हुनेछ । प्रतियोगिताअन्तर्गत दैनिक दुई खेल हुनेछन् भने यसबाट प्रदेशको क्रिकेट खेलको स्तरवृद्धिमा सहयोग पुग्ने विश्वास गरिएको छ । प्रतियोगिताका लागि खेलाडी यहाँ आउने क्रममा जारी छ । रासस

# नेपालले भूटानलाई हरायो

काठमाण्डु । साफ यू-१६ महिला च्याम्पियनशिप फुटबल प्रतियोगितामा नेपालले भूटानलाई पराजित गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आज सम्पन्न खेलमा नेपालले भूटानलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । नेपालका लागि पूजा गिरी, भूमिका बुढाथोकी र ग्यान्सु डोल्मा लोले समान एक-एक गोल गरे ।

खेलको १४औँ मिनेटमा पूजाको गोलमार्फत नेपालले पहिलो अग्रता लियो । पूजाले गोल गरेको चार मिनेटपछि कप्तान भूमिकाले गोल गर्दै नेपालको अग्रता दोब्बर बनाइन् ।

खेलको ३१औँ मिनेटमा ग्यान्सुले एक गोल थपिन् । त्यसपछि खेलमा गोल हुन सकेन र नेपालले भूटानमाथि सहज जित निकाल्यो । जितसँगै नेपालले प्रतियोगितामा पहिलो जित हासिल गरेको थियो ।

नेपाल पहिलो खेलमा बङ्गलादेशसँग २-० ले पराजित भएको थियो । यससँगै नेपालले प्रतियोगितामा तीन अङ्क बटुलेको छ । अब नेपालले यही फागुन २४ गते भारतसँग खेल्नेछ । रासस

# रेल दुर्घटनामा चालकको लापर्वाही : रेलमन्त्री

**एएफपी**

नयाँदिल्ली । गत अक्टोबरमा रेलका चालकहरूले फोनमा क्रिकेट हेरिरहेका र रेलका लागि गरिएको ट्राफिक सङ्केत पालना नगरेका कारण रेलले अर्को रेललाई ठक्कर दिन पुगेको भारतीय रेलमन्त्रीले सोमबार बताउनुभएको छ ।



गत अक्टोबरमा भएको एक दिवसीय विश्वकप क्रिकेटमा आयोजक भारतले इङ्ल्यान्डविरुद्ध खेल्दै गर्दा आन्ध्र प्रदेशमा उक्त दुर्घटना भएको थियो । रेलमन्त्री अश्विनी वैष्णवलाई उद्धृत गर्दै भारतीय समाचार संस्था (पीटीआई) ले लेखेको छ, "आन्ध्र प्रदेशमा भएको पछिल्लो रेल दुर्घटना चालकहरूले क्रिकेट खेल हेर्दै गर्दा विचलित भएका कारण भएको हो ।"

उहाँले भन्नुभयो, "अब भारतले कुनै पनि विचलन पत्ता लगाउन सक्ने प्रणालीहरू स्थापना गर्नेछ । नयाँ प्रविधिले चालकहरूलाई आफ्नो जिम्मेवारीबाट अन्यत्र ध्यान मोडेको खण्डमा उनीहरूको सवारीतर्फ ध्यान केन्द्रित गर्नेछ ।"

क्रिकेटका लागि 'क्रेजी' भारतका करोडौं शुभचिन्तकहरूले अक्टोबरमा सम्पन्न विश्वकप खेलको प्रत्यक्ष प्रशारण हेरेका थिए । हिन्दुस्तान टाइम्सका अनुसार गत महिना एक मालबाहक रेलले चालकबिना ७० किलोमिटर (४० माइल) यात्रा गरेको पुष्टि भएपछि अधिकारीहरूले स्टेशन मास्टर र अन्य तीन कर्मचारीलाई बर्खास्त गरेका थिए ।

गत महिना करिब ५० वटा डब्बा भएको रेल करिब दुई घण्टासम्म चालकको नियन्त्रणविना नै गुडेपछि लापरबाही गरेको भन्दै उनीहरूलाई पदबाट हटाइएको थियो । सन् १९८१ मा बिहार राज्यको एक पुल पार गर्ने क्रममा रेल दुर्घटना हुँदा ८०० जनाको मृत्यु भएको थियो ।

सन् २०२३ को जुन महिनामा उडिसा राज्यमा तीन वटा रेल एकआपसमा ठोक्किँदा करिब ३०० जनाको मृत्यु भएको थियो ।

हालैका वर्षहरूमा भारतले आधुनिक स्टेशनहरू र इलेक्ट्रोनिक सङ्केत प्रणालीहरूको जडान गरी नेटवर्क अदावधिक गर्न ठूलो रकम लगानी गरिरहेको छ ।

# बैठकमा सहभागी नहुने इजरायलको निर्णय

**एएनआई**

इजिप्ट । इजरायलले युद्धविराम र गाजाबाट बन्धकहरूको रिहाइसम्बन्धी छलफलका लागि कायरोमा प्रतिनिधिमण्डल नपठाउने निर्णय गरेको एक इजरायली अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।

बन्धकको सूची प्रदान गर्ने, जीवित तथा मृतक बन्धकको सङ्ख्याको जानकारी दिने र बन्धकको बदलामा इजरायली जेलबाट रिहा हुने प्यालेस्टिनी कैदीहरूको अनुपात निर्धारण गर्ने लगायतका मागहरू सम्बोधन गर्ने बिषयमा युद्धरत पक्षबीच समान धारणा बन्न नसकेपछि इजरायलको यो निर्णय आएको हो ।

कूटनीतिक वार्ताको संवेदनशीलताका कारण अज्ञात रहन रोज्ने इजरायली अधिकारीले प्रधानमन्त्री बेन्यामिन नेतान्याहूले मोसादका निर्देशक डेभिड बार्नियासँग समन्वय गरेर हमासले यी शर्तहरू सम्बोधन नगरेको जानकारी प्राप्त गरेपछि यो निर्णय आएको हो ।

यो कदमले गत बिहीबार नेतन्याहूको एक भाषणमा उल्लेखित शर्तहरू पछ्याउँछ । सम्बोधनमा उहाँले कुनै पनि सम्झौताको साथ अगाडि बढ्नुअघि बन्धकहरूको पहिचानको आवश्यकतामा जोड दिनुपर्ने बताउनुभएको थियो ।

बाइडेन प्रशासनका एक वरिष्ठ अधिकारीले इजरायलले प्रस्तावित छ हप्ताको युद्धविरामलाई स्वीकार गरेको सङ्केत गरेपनि हमासको प्रतिक्रियाको अभावले कायरो वार्तामा इजरायलको सहभागिता रद्द भएको हो ।

वार्ताले शत्रुता अन्त्य गर्ने आशा व्यक्त गर्दै हमासको प्रतिनिधिमण्डल आइतबार कायरो आइपुगेको थियो ।

हमास स्रोतका अनुसार वार्तामा बाँकी अड्किएका विषयमा स्थायी युद्धविराम स्थापना, गाजा पट्टीबाट इजरायली सेनाको फिर्ता र दक्षिणबाट विस्थापित व्यक्तिहरूको फिर्तीलाई सहज बनाउनु समावेश छ ।

# चुनावपछि अमेरिका-चीन सम्बन्धमा सुधार आउने बेइजिङको विश्वास



**एएफपी**

बेइजिङ । चीनले आगामी नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा जो सुकैले जिते पनि अमेरिकासँगको सम्बन्धमा सुधार आउने आशा व्यक्त गरेको छ ।

बेइजिङ र वासिङ्टनबीच हालैका वर्षहरूमा प्रविधि, व्यापार, मानव अधिकारका साथै ताइवान र दक्षिण चीन सागरमा प्रतिस्पर्धात्मक दाबीका मुद्दाहरूमा टकराव छ ।

ह्वाइट हाउसको नेतृत्वका लागि राष्ट्रपति जो बाइडेनविरुद्ध पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पलाई चुनौती दिने गरी आगामी नोभेम्बरमा हुने चुनावमा अमेरिकीहरूले भाग लिनेछन् ।

"तपाईंले अमेरिकी राष्ट्रपतिको चुनावको बारेमा उल्लेख गर्नुभयो, यो संयुक्त राज्य अमेरिकाको आन्तरिक मामिला हो," चिनियाँ संसद्का प्रवक्ता लू किन्जियानले सोमबारको पत्रकार सम्मेलनमा भन्नुभयो ।

"संयुक्त राज्य अमेरिकाले चीनसँग जो सुकै राष्ट्रपति भए पनि अमेरिकाले एउटै लक्ष्यका साथ अर्थात् स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्धका लागि काम गर्न सक्छ भन्नेमा हामी पूर्ण आशा गर्छौं," लूले भन्नुभयो ।

चीनको स्थिति स्थिर रहेको र चीन-अमेरिकाबीचको सम्बन्ध स्थिर र सुधारिएको अवस्थामा देख्न सबै आतुर रहेको उहाँले बताउनुभयो

# हाइटीमा रात्रिकालीन कर्फ्यु र सङ्कटकालको घोषणा

**एएफपी**

पोर्ट-ओ-प्रिन्स । हाइटीको सरकारले राजधानी शहरको मुख्य कारागारमा भएको सामूहिक आक्रमणबाट उत्पन्न हिंसाको लहरलाई दबाउन आइतबार सङ्कटकालीन अवस्था र रातको समयमा कर्फ्युको घोषणा गरेको छ ।



सरकारले एक विज्ञप्ति जारी गर्दै आपतकालीन अवस्था र आइतबारदेखि बुधबारसम्म साँझ ६ बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु लागू हुने जनाएको छ ।

स्थानीय पत्रकारले जेलमा राखिएका करिब चार हजार व्यक्तिमध्ये अधिकांशलाई भगाइएको पाइएको बताएका छन् ।

जेलबाट भगाइएकामध्ये सन् २०२१ मा तत्कालीन राष्ट्रपति जोभनेल मोइजको हत्यामा संलग्न रहेको अभियोगमा दोषी ठहर भई सजाय काटिरहेका व्यक्तिहरू पनि रहेका छन् ।

अमेरिकी देशमध्ये निकै विपन्न हेइटीमा पछिल्ला वर्षमा हिंसा बढ्दै गएको छ ।

सुरक्षाका लागि घोषणा गरिएका भनिएका दुवै उपाय राजधानी पोर्ट-ओ-प्रिन्ससहित ओएस्ट क्षेत्रमा लागू हुनेछ र आवश्यकता अनुसार थप हुँदै जानेछ । हाललाई अर्को सूचना नआएसम्मका लागि यी सुरक्षा उपायहरू लागू भएको जनाइएको छ ।

पछिल्लो समय अपनाइएका हिंसा नियन्त्रणका उपायहरू हिंसाग्रस्त क्षेत्रमा 'पुनः सुव्यवस्था स्थापित गर्न र स्थितिलाई सामान्य बनाउन' अवलम्बन गरिएको सरकारले जनाएको छ ।

आर्थिक मामिला मन्त्री प्याट्रिक मिचेल बोइसभर्टले देशको कार्यवाहक प्रधानमन्त्रीको हैसियतमा उक्त वक्तव्यमा हस्ताक्षर गर्नुभएको छ ।

प्रधानमन्त्री एरियल हेनरी गत सातासंयुक्त राष्ट्रसङ्घको समर्थन प्राप्त कानून र व्यवस्था मिसनको नेतृत्व गर्न पूर्वी अफ्रिकी देशबाट प्रहरी खटाउने सम्झौतामा हस्ताक्षर गर्न केन्यामा रहेका समय उक्त हिंसा भड्किएको हो ।

# पाकिस्तानमा भारी वर्षाका कारण ३६ जनाको मृत्यु, ४१ घाइते

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले फेब्रुअरी २७ देखि मार्च ३ सम्म परेको भारी वर्षा र हिमपातमा परी कम्तीमा ३६ जनाको मृत्यु हुनुका साथै ४१ जना घाइते भएको जनाएको छ ।



मृत्यु हुनेमा २१ जना बालबालिका, नौ जना पुरुष र छ जना महिला रहेको आइतबार राति जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।

बर्षाको कारण सबैभन्दा बढी प्रभावित उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा २७ जनाको मृत्यु भएको थियो । यसैगरी, दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा पाँच जनाको मृत्यु भएको छ भने पाकिस्तान अधिनस्थ कास्मिरमा चार जनाको मृत्यु भएको थियो ।

भारी बर्षाले ४६९ घरहरूमा पूर्ण वा आंशिक रूपमा क्षति भएको छ भने अनुमानित ६१ गाईवस्तुहरू मरेको प्रतिवेदनले जनाएको छ ।

# खराब मौसमका कारण तीस लाख भन्दा बढी गाईवस्तुको मृत्यु

**सिन्ह्वा**

उलान बाटोर । मङ्गोलियामा जुड भनिने चरम जाडो मौसमले मङ्गोलियामा यस बर्षको हालसम्म ३० लाखभन्दा बढी पशुपक्षीहरूको ज्यान लिएको राष्ट्रिय विपत् आयोग (एसईसी) ले सोमबार जनाएको छ ।

जुडका कारण मङ्गोलियामा अहिलेसम्म कम्तीमा ३० लाख ८९ हजार ४२० गाईवस्तु मरेको एसईसीले एक विज्ञप्तिमार्फत् जानकारी गराएको छ ।

जुड गम्भीर चिसोले अधिक जाडो बढेको अवस्थामा प्रयोग गरिने मङ्गोलियाली शब्द हो । यो अवस्थामा जमिन हिउँले ढाकिएको कारण अधिक चिसो हुने र ठूलो सङ्ख्यामा गाईवस्तुहरू मर्ने गर्छन् ।

मौसम अनुगमन एजेन्सीका अनुसार मङ्गोलियामा यस बर्षको जाडोमा सामान्यभन्दा धेरै हिउँ परेको छ । मङ्गोलियाको ८० प्रतिशतभन्दा बढी क्षेत्र अहिलेसम्म १०० सेन्टिमिटर बाक्लो हिउँले ढाकिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय अनुसार सन् २०२३ को अन्त्यमा मङ्गोलियामा पशुधनको सङ्ख्या छ करोड ४७ लाख रहेको थियो ।

# अमेरिका-बेलायत पुग्छ धराने खुकुरी



धरान । एउटा उखान छ, ‘जहाँ गोर्खाली त्यहाँ खुकुरी, जहाँ खुकुरी त्यहाँ गोर्खाली ।’ संसारमा नेपालीलाई चिनाउने ‘वीर गोर्खाली’ सँगै गोर्खाली हतियार ‘खुकुरी’ पनि हो । गोर्खाली र खुकुरी एक अर्काका परिपुरक हुन् भन्ने माथिको उखानबाट पनि बुझ्न सकिन्छ । अहिले यो खुकुरी गोर्खालीको पहिचान र सानमा मात्र सीमित छैन, यो एउटा गतिलो व्यापार पनि बनेको छ ।

मुलुकमै सबैभन्दा धेरै खुकुरी उत्पादन लामो धरानमा समयदेखि हुने गरेको छ । धरानमा बनेका खुकुरी नेपालमा मात्र होइन,अन्तराष्ट्रिय बजार अमेरिका, बेलायत, चीन, भारत, सिंङगापुरलगायत धेरै वटा देशमा पुग्ने गरेका छन् । त्यसबाट खुकुरी व्यवसायीले मासिक लाखौं रुपैयाँ नेपाल भित्र्याइ रहेका छन् ।

धरानमा व्यावसायिक रुपमा खुकुरी उद्योग सञ्चालन गर्ने धेरैजना छन् । त्यसैमध्येका एक हुनुहुन्छ, घमान सिंह विश्वकर्मा । वैदेशिक रोजगारीमा सात वर्ष बिताएपछि स्वदेशमै केही गर्ने सोंचले फर्किनु भएको विश्वकर्माले आफ्नै पुख्यौली पेशालाई व्यावसायिक रुप दिने योजना बनाउनुभयो । त्यसपछि करिब एक दशकअघि धरान-१५ मा सुस्मिता खुकुरी उद्योग खोल्नु भयो । सुरुमा तीन लाख रुपैयाँ लगानी गरेर आफ्नै घरमा लघु उद्योग खोल्नु भएको विश्वकर्मा आफैँ खुकुरी बनाउनुहुन्छ । माग धेरै भएका बेला अन्य कालीगढलाई पनि लगाएर खुकुरी बनाउनुहुन्छ । उहाँका अनुसार धरान नेपालमै सबैभन्दा धेरै खुकुरी उत्पादन हुने ठाउँ हो । उहाँ भन्नुहुन्छ, “यहाँ उत्पादन भएका खुकुरीहरु भारत, चीन, क्यानाडा, सिङ्गापुर, दुबई, अमेरिकादेखि बेलायतसम्म पुग्छन् ।”

धरानकै गोविन्द दर्नाल पनि विगत १२ वर्षदेखि धरान खुकुरी उद्योग सञ्चालन गर्नु हुन्छ । दर्नालका बाबु छोराले सञ्चालन गरेको खुकुरी उद्योगमा एक जना कालीगढ पनि छन् । उहाँहरुले उत्पादन गरेका खुकुरी पनि देशदेखि विदेशसम्म पुग्ने गरेका छन् ।

घरेलु उद्योगका रुपमा मात्र होइन, ठूलो व्यवसायका रुपमा खुकुरी उद्योग सञ्चालन गर्नेहरु पनि धेरैजना छन् धरानमा । दुई दशकदेखि न्यू गोर्खाली खुकुरी इण्डष्ट्रिज सञ्चालन गर्दैआउनु भएका दीपक दर्नाल त्यसको एक उदाहरण हुनुहुन्छ । उहाँले अहिले ३० जना कालीगढ राखेर उद्योग सञ्चालन गरिरहनु भएको छ । कोरोना महामारी भन्दा अगाडि त उहाँको उद्योगमा ६० जना कालीगढ थिए ।

उद्योग सञ्चालक दर्नालका अनुसार पहिला विदेशमा निर्यात हुने खुकुरीमध्ये रुसमा झाडी फाँड्न, सिंगापुर र बेलायतमा सुरक्षागार्डले प्रयोग गर्नका लागि खुकुरीको माग हुने गरेको थियो । अहिले भने अन्तराष्ट्रिय बजारमा सामान्य गुणस्तरका खुकुरीको माग हुने गरेको छ । त्यसमध्ये सबैभन्दा बढी अमेरिका जाने गरेको उहाँ बताउनुहुन्छ । खुकुरी उद्योगबाट हाल मासिक रु ९० हजारदेखि एक लाखसम्म आम्दानी हुने गरेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, ‘‘पहिला धेरै राम्रो थियो । अहिले बजार खस्किएको छ । विस्तारै राम्रो होला भन्ने आशामा छौँ ।’’

उद्योग सञ्चालकहरुका अनुसार खुकुरीको मूल्य गुणस्तर अनुसार फरक हुन्छ । स्थानीय बजारमा सामान्य घरेलु प्रयोजनमा प्रयोग हुने खुकुरी तीन सयदेखि तीन हजारसम्ममा पाइन्छ । पछिल्लो समय नेपालमा भन्दा विदेशमा बढी खुकुरी निर्यात हुन थालेपछि बनावट र गुणस्तरमा परिवर्तन गरिएपछि डिजाइन गरिएको खुकुरीको मूल्य अहिले स्थानीय बजारमा पाँचदेखि सात हजार रुपैयाँसम्म पर्ने गरेको उद्योग सञ्चालक दर्नालको भनाइ छ ।

उद्योग सञ्चालकहरुले उपलब्ध गराएको विवरणअनुसार धरानमा साना ठूला गरी ४० देखि ५० वटा खुकुरी उद्योग सञ्चालनमा छन् । ती उद्योगबाट दैनिक रुपमा तीन सय वटा खुकुरी उत्पादन हुन्छ । सबै उद्योगबाट गरी धरानमा दैनिक सरदर सातदेखि १० लाखसम्म आम्दानी हुने गरेको खुकुरी व्यवसायीहरुको भनाइ छ । उनीहरुका अनुसार हाल धरानमा खुकुरी बनाउने नेपाली कालीगढ ५० देखि ६० जनाको हाराहारीमा छन् ।

खुकुरीसँग खुकुरीको दाप बनाउनेहरुले पनि रोजगारी पाएका छन् । धरानमा खुकुरीको दाप बनाउने करिब २५ वटा परिवार छन् । उनीहरुको यसैबाट जीवनयापन हुने गरेको उद्योग सञ्चालक विश्वकर्मा बताउनुहुन्छ । धरानमा उत्पादन हुने खुकुरीको मूल्य कम्तिमा दुई सय रुपैयाँदेखि बढीमा १५ हजार रुपैयाँसम्म पर्छ ।

खुकुरी उद्योग सङ्घ धरानका अध्यक्ष समेत रहेका न्यू गोर्खाली खुकुरी इण्डष्ट्रिजका सञ्चालक दीपक दर्नाल खुकुरी उद्योगबाट धेरै फाइदा लिन सरकारको सहयोग आवश्यक रहेको बताउनुहुन्छ । ‘‘अहिले अन्तरराष्ट्रिय बजारबाट खुकुरीको माग धेरै भएपनि हामीले विदेश पठाउँदा धेरै कर लाग्ने भएकाले समस्या छ’’, उहाँ भन्नुहुन्छ, ‘‘नेपाल सरकारले करमा सहुलियत दिने व्यवस्था गरिदिए खुकुरी उद्योग सञ्चालन गर्नेहरुको हौसला बढ्ने थियो । उनीहरुले विदेशमा खुकुरी निर्यात गर्दा राज्यलाई नै आम्दानी बढ्ने थियो । सरकारलाई हाम्रो यही आग्रह छ ।’’

**बजार खस्किएकोमा चिन्ता**

कोरोना महामारीपछि समग्र बजारको अवस्था खस्किएको छ । खुकुरीको व्यवसायमा पनि त्यसको असर पर्ने नै भयो । धरानका खुकुरी व्यवसायीहरुका अनुसार विगतभन्दा खुकुरीको माग पनि घटेको छ । एकातिर खुकुरी बनाउने फलामको भाउ बढेको र अर्कातिर माग घटेकाले समस्या भएको सुस्मिता खुकुरी उद्योगका सञ्चालक घमानसिंह विश्वकर्मा बताउनुहुन्छ ।

उहाँका अनुसार पहिला ७० देखि ८० रुपैयाँ प्रति केजीमा पाइने फलाम अहिले एक सयदेखि १२० रुपैयाँ प्रतिकेजी पर्छ । उहाँ भन्नुहुन्छ, ‘‘महँगी बढेपछि पहिला जत्ति खुकुरी उत्पादन गर्न सकिएको छैन । बजार पनि खस्किएको छ ।’’

अहिले माग र उत्पादन बराबरी अवस्थामा रहेको व्यवसायीहरु बताउँछन् । विगतमा हातले नै खुकुरी बनाउने सबै काम गर्नु पर्ने अवस्था थियो, अहिले भने प्रविधिको विकाससँगै मेसिनहरुको प्रयोग पनि हुने गरेको छ । यसबाट केही सहज पनि भएको व्यवसायीको भनाइ छ । आधुनिक प्रविधिलाई प्रयोग गरेर अझै खुकुरीको उत्पादन बढाउन र अन्तरराष्ट्रिय बजारमा पठाउन सक्ने सम्भावना प्रसस्त रहेको व्यवसायी विश्वकर्माको भनाइ छ । उहाँ भन्नुहुन्छ, “सरकारबाट सहयोग पाउने हो भने खुकुरी उद्योगहरु फस्टाउन सक्छन्, यसले नेपालीको सान र पहिचान संसार सामु फैलाउने मात्र होइन, विदेशी रुपैयाँ पनि राम्रोसँग आम्दानी गर्ने सम्भावना छ ।’’

**संस्कृति र इतिहासमा खुकुरी**

खुकुरीको सम्बन्ध नेपालका विभिन्न जातीको संस्कार संस्कृतिसँग पनि जोडिन्छ । खुकुरीलाई देवताको थानमा राखेर पुज्ने चलन विभिन्न समुदायमा पाइन्छ । दशैं र विभिन्न चाडपर्वमा पनि हतियारका रुपमा खुकुरीको पूजा गर्ने प्रचलन छ । इतिहासमा पनि खुकुरीको उत्तिकै महत्व छ ।

नेपालीलाई विश्वमा गोर्खालीका रुपमा परिचित गराउन खुकुरीले ठूलो भूमिका खेलेको इतिहास अध्ययनका क्रममा बुझ्न सकिन्छ । नेपालीलाई वीर जातिका रुपमा चिनाउने काममा खुकुरीको भूमिका छ । गोर्खाली सैनिकहरुले खुकुरीकै भरमा नेपालमा विभिन्न युद्ध लडेका थिए । त्यसबेलाको सैनिक हतियारमा खुकुरी र तरबार नै प्रमुख थिए ।

अहिले पनि प्रहरी, सैनिकलगायत सुरक्षाकर्मीहरुले कम्मरमा खुकुरी भिर्ने चलन छ भने सुरक्षाकर्मीका पोसाकमा पनि खुकुरी चिन्ह अङ्कित गर्ने गरिएको छ । त्यसबाहेक सुरक्षासँग सम्बन्धित तक्मा, पुरस्कारमा पनि खुकुरीको चिन्ह प्रयोग गर्ने गरिएको छ । यसरी नेपालीको संस्कृति र इतिहासमा गहिरो प्रभाव पारेको खुकुरीले पछिल्लो समय व्यापारमा पनि राम्रो प्रभाव जमाउँदै गरेको देखिन्छ ।

खुकुरी जस्ता हतियार बनाउने काम विश्वकर्मा समुदायको पुख्यौंली पेशाका रुपमा चिनिन्छ । दलित समुदायका पुख्यौंली पेशाहरु सङ्कटमा पर्दै गएको बेला खुकुरी बनाउने पेशामा भने युवा पुस्ताको पनि आकर्षण देखिएको छ । धरानका उद्योगहरुमा खुकुरी बनाउने अधिकांश युवा पुस्ताका छन् । खुकुरी व्यवसाय युवा पुस्ताको रोजगारीको राम्रो अवसर पनि बनिरहेको छ ।

विश्व बजारमा माग बढिरहेको खुकुरी व्यवसायलाई वृद्धि गर्न स्थानीय तह र प्रदेश सरकारले पनि नीतिगतरुपमा काम गर्नुपर्ने खुकुरी उद्योग संघका अध्यक्ष दर्नालको भनाइ छ । उहाँ भन्नुहुन्छ, “स्थानीय तह र प्रदेश सरकारले हाम्रो पुख्यौंली पेसा बचाउने सहयोग गरिदिए, अझै धेरै रोजगारी पनि सृजना हुन्थ्यो, राज्यलाई पनि फाईदा पुग्थ्यो ।” रासस

# लगानी र उत्पादन सुरक्षित नभएको किसानको गुनासो

चितवन । यहाँका किसानले कृषिसम्बन्धी बनेका नीति तथा नियम कार्यान्वयनमा नआउँदा लगानी र उत्पादन सुरक्षित नभएको बताएका छन् ।

किसान आयोगले आयोजना गरेको ‘किसानका हकहित र अधिकार प्रवर्द्धन’ कार्यक्रममा सहभागीले राज्यले बनाएका नीतिनियम कार्यान्वयन नहुँदा किसानको समस्या समाधान हुन नसकेको बताएका हुन् ।

कार्यक्रममा सहभागी किसानले कृषिलाई पर्यटन क्षेत्रसँग राज्यले जोड्न नसक्दा र लगानी सुरक्षित नहुँदा यहाँका धेरै युवाशक्ति विदेश पलायन हुने गरेको बताएका हुन् ।

अहिले भइरहेको कृषि उत्पादनको बजारीकरण हुन नसक्दा समस्या अझै बढ्दै गएको चितवन दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले बताउनुभयो । उहाँले भन्नुभयो, “अहिलेकै अवस्था रहे किसान बाँच्नसक्ने अवस्था रहदैन ।” सरोकारवाला निकायले किसानका समस्या बुझ्नेजस्तो मात्रै गर्ने गरेका भन्दै बनेका नीति, नियम व्यवहारमा लागू नहुँदा समस्या भएको उहाँको गुनासो थियो ।

कार्यक्रममा जिल्लास्थित नेपाल किसान सङ्घका सचिव इन्द्रमणि गैरेले किसानलाई दिने गरिएको अनुदानसमेत काटेर समस्या समाधान गर्छु भन्नु गलत भएको बताउनुभयो । किसान दिनहुँ रुनुपर्ने अवस्था आउँदा समस्याको समाधान तीनै तहका सरकारले गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो, “अहिले उत्पादित दूध, दही र महलगायत उत्पादन सडकमा ल्याएर फाल्नुपर्ने अवस्था आएको छ । यसमा कसको ध्यान जान्छ ?”

आधुनिक कृषि तथा ड्रागनखेती गर्दै आउनुभएका भरतपुरका शम्भू सुवेदीले कृषिलाई प्राङ्गारीकरण गरी कृषि र पर्यटनलाई सँगै लैजाने किसिमका कार्यक्रम आयोगले ल्याउनुपर्ने बताउनुभयो । कृषि र पर्यटनलाई सँगसँगै लैजानसके आर्थिक समृद्धि हासिल हुनुका साथै कृषि क्षेत्रका दक्ष जनशक्ति बाहिरिनु नपर्ने उहाँको भनाइ छ ।

भरतपुर महानगरपालिका-६ का किसान केशवप्रसाद सापकोटाले सबैलाई पाल्ने किसान आफू भने सधैँ समस्याको चपेटामा पर्ने गरेको बताउनुभयो । आयोगले किसानको समस्या समाधान गर्नेखालका नीति तथा नियम बनाइ खेतबारीमा पुगेर कार्यान्वयनका लागि पहल गर्नुपर्ने उहाँको भनाइ छ ।

“किसानले जसरी खेतबारीमा गएर काम गर्छन् त्यसैगरी आयोगले काम गर्नुपर्छ । किसानलाई हेर्ने दृष्टिकोण परिवर्तन हुनु आवश्यक छ”, सापकोटाले भन्नुभयो, “नीति कार्यान्वयनमा कडाइ गरेमात्र वास्तविक किसानका समस्या समाधान हुँदै जानेछन् ।”

भरतपुर-१६ की किसान नमिता अधिकारीले नीति निर्माताले ‘हामी किसान हौँ’ भनेर नीति निर्माण गर्नुपर्ने भन्दै त्यसरी बनाइएका नियम प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो । १८ वर्षदेखि बङ्गुरपालन व्यवसाय गर्दै आउनुभएकी उहाँले राज्यले किसानलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

कृषि व्यवसायलाई समाजले हेर्ने दृष्टिकोण राम्रो भए पनि बजारीकरणमा समस्या हुनु, नीतिनियमका कारण अनुदानमा समस्या हुनु, मल तथा बीउ समयमा नपाउनुलगायत कारणले व्यावसायिक किसानलाई सास्ती हुने गरेको अधिकारीको भनाइ छ । राष्ट्रिय किसान सञ्जालका अध्यक्ष गणेशचन्द्र तिमिल्सिनाले किसानका समस्या समाधानका लागि राज्यसँग पहल भइरहेको भन्दै अपेक्षाकृतरुपमा काम हुन नसकेको बताउनुभयो । किसानका विषयमा राजनीतिकरण गर्न नहुने भन्दै उहाँले सञ्जालले किसानका हकहितका लागि काम गर्दै आएको बताउनुभयो ।

तिमिल्सिनाले भन्नुभयो, “किसानले किसानकै लागि राजनीति गर्न आवश्यक छ । पुरानो कृषि प्रणालीलाई विस्थापित गर्दै आधुनिक प्रणालीमा उत्पादन गरेर बजारीकरण गर्न राज्यले समन्वय र सहकार्य गर्नुपर्दछ ।”

कार्यक्रममा आयोगका सदस्य सूर्यप्रसाद खनाल र टेकबहादुर बोगटीले राष्ट्रिय किसान आयोगलाई अधिकार सम्पन्न तथा स्थायित्व प्रदान गर्नसके किसानका समस्या समाधान गर्न सहज हुने बताउनुभयो । अहिलेका कानुन, नीति तथा नियमको प्रभावकारी कार्यान्वयनमा आउन नसक्दा थप समस्या भइरहेको उहाँको भनाइ छ । रासस

# अम्रिसोको मूल्य घटेपछि इलामका किसान निराश

इलाम । अम्रिसोको मूल्य घटेपछि इलामका किसान चिन्तित बनेका छन् । धान तथा मकै बाली हटाएर अम्रिसोको व्यावसायिक खेती गरेका किसानहरु मूल्यमा भारी गिरावट आएपछि समस्यामा परेका हुन् ।

अम्रिसोको मूल्य गतवर्षको तुलनामा झण्डै ५० प्रतिशतले घटेको छ । गत वर्ष प्रतिकेजी रु एक सय २० देखि रु एक सय ३० सम्ममा बिक्री भइरहेकोमा अम्रिसोको फूल (कुचो) अहिले प्रतिकेजी रु ६५ मा मात्र बिक्री भइरहेको छ ।

इलाम माई नगरपालिक-९ का पूर्णकुमारी साउदेनले व्यापारीहरु किसानका घरमै पुगेर कुचो खरिद गरिरहे पनि मूल्य पनि अत्यधिक घटेको बताउनुभयो । “गतवर्ष सुरुमा नै प्रतिकेजी रु एक सय १० का दरले कूचो बेचेको थिएँ, त्यसपछि रु एक सय ३० सम्म समेत पुगेको थियो”, उहाँले भन्नुभयो, “यसवर्ष प्रतसकेजी रु ६५ का दरले बेच्न बाध्य भएका छौँ ।”

विगतमा राम्रो मूल्य पाएपछि किसानहरुले हौसिएर अन्य बाली हटाएर अम्रिसो खेती गरेका किसान अहिले निराश भएको किसान अभिषेक येक्तेनले बताउनुभयो । “अहिले अम्रिसोको व्यावसायिक खेती गरेर जीवनयापन गर्ने अवस्था समेत छैन”, उहाँले भन्नुभयो, “मैले यसवर्ष एक हजार केजी कुचो उत्पादन गरेको छु । त्यसको गोडमेल तथा कुचो तान्नका लागि प्रयोग गरिएको खेतालालाई दिने पैसा समेत नपुग्ने अवस्था छ ।”

यसरी मल्य नै घट्दै जाने हो भने अम्रिसोको विकल्पमा अन्य बाली लगाउनुपर्ने अवस्था आएको किसान पवन राई बताउनुहुन्छ । “दुई/तीन वर्षअघिसम्म कुचोको मूल्य राम्रो थियो”, उहाँले भन्नुभयो, “हामीले प्रतिकेजी एक सय ३० सम्ममा बेचेका थियौँ । त्यो बेला मूल्य राम्रो पाएपछि खेतमा अम्रिसो लगाइयो ।”


अन्य बालीको तुलनामा कम खर्चिलो र कम मेहनतमै राम्रो आम्दानी पाउने भएपछि धान, मकै, कोदो लगाउने खेत र बारीमा समेत अम्रिसो खेती गरिएको थियो । विरुवाका लागि भइरहेको बोटबाटै अर्को विरुवा निकाल्न सकिने, गोडमेलको झन्झट नहुने भएका कारण पनि किसानहरु अम्रिसो खेतीतर्फ आकर्षित भएका हुन् ।

दोमट माटो भिरालो जग्गामा अम्रिसो खेती फस्टाउने भएकाले किसानले प्रशस्त मात्रामा कूचो उत्पादन गर्ने गरेका छन् । अहिले एक जना किसानले चार हजार केजीसम्म कुचो बिक्री गर्ने गरेका छन् ।

इलामका व्यापारी एवम् इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्ण पौडेलले यसवर्षको सुरुमा प्रतिकेजी रु ७५ देखि ८० सम्ममा कुचो बिक्री भए पनि पछि मूल्य घटेको बताउनुभयो ।

इलामको सबै पालिकाका विभिन्न ठाउँमा मुख्य रुपमा अम्रिसो खेती हुने गरेको छ । कूचो स्थानीय बजारमार्फत झापाको धुलाबारीमा सङ्कलन भएपछि काकटभिट्टा हुँदै भारत निकासी हुने गरेको छ । जिल्लामा वार्षिक तीन हजार पाँच सय मेट्रिक टन कूचो उत्पादन हुने गगरेको छ । रासस

# दैनिक ४२ लाख घाटा बेहोर्दै किसान



चितवन । दूध बिक्री घटेपछि जिल्लाका दुग्ध उत्पादक किसानहरुले दैनिक रु ४२ लाखको घाटा बेहोर्दै आएका छन् । जिल्लामा उत्पादित दूधमध्ये ६० हजार लिटर बिक्री हुन नसक्दा सो रकम बराबरको क्षति बेहोर्न किसान बाध्य भएका हुन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घमा आबद्ध ४० हजारभन्दा बढी शेयर सदस्यहरुले सो मात्रामा दूध बिक्री गर्न नपाएको सङ्घले जनाएको छ । सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार विगत १५ दिनदेखि दूध नउठ्दा किसानले समस्या झेल्नु परेको हो । उहाँले दूध नउठ्दा समस्या भएको बताउनुभयो । साउन यताको भुक्तानी रु ५२ करोड पाउन बाँकी भए पनि अहिले बिक्री हुन छाडेपछि किसान मारमा परेको उहाँको भनाइ छ ।

दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुने चितवनबाट जिल्ला बाहिर दैनिक एक लाख ५० हजार लिटर दूध जाने गरेको छ । जसमध्ये ६० हजार लिटर दूध बिक्री हुन नसकेको हो । सरकारले किसानको पैसा दिने सहमति गरे पनि अहिलेसम्म किसनाले पैसा नपाएको र दूध समेत उठ्न छाडेको उहाँले गुनसाे गर्नुभयो । “सहमति भएको छ । तर कार्यान्वयनमा आएको छैन”, उहाँले भन्नुभयो, “सहमतिअनुसार आइतबारबाट दूध उठ्नु पर्ने भए पनि सोमबारसम्म दूध उठेको छैन ।” दूध लैजाने उद्योगहरुले समर्थन मूल्यभन्दा कममा लैजाने गरेको भन्दै उहाँले उपभोक्ताले महङ्गो मूल्यमा दूध खानु परेको बताउनुभयो । बगालेले भन्नुभयो “दूध नउठ्ने र पैसा पनि नपाउने समस्या रहिरहे आन्दोलनमा जानुको विकल्प छैन ।” चितवनसहित पाँच जिल्लाका किसानले एक साथ आन्दोलनमा जाने तयारी गरेको उहाँको भनाइ छ । रासस

# दुई करोड मूल्य बराबरको बेसार बिक्री

गाईघाट । उदयपुरको चौदण्डी गढी नगरपालिका स्थित सिद्धिपुर गाउँबाट यसवर्ष दुई करोड मूल्य बराबरको बेसार बिक्री भएको छ ।

विसं २०५० देखि नै सिद्धिपुरवासीले व्यावसायिक बेसार खेती गर्दै आएका छन् । सिद्धिपुरका कृषक नेत्रबहादुर पुलामी मगरले सिद्धिपुरका झण्डै ५० घर परिवारमध्ये ३० घरले व्यावसायिकरुपमा नै बेसार खेती गर्दै आएका बताउनुभयो । स्थानीयवासी देवबहादुर मगरले भन्नुभयो, “२०५० सालतिर देखिनै गाउँमा बेसार खेती सुरु भएको हो । २०६० सालदेखि सबै गाउँलेले व्यावसायिक रुपमा नै बेसार खेती गर्न थालेपछि अहिले गाउँनै बेसार खेतीमय भएको छ ।”

उहाँका अनुसार अहिले गाउँबाट वार्षिक दुई करोडभन्दा बढीको बेसार बिक्री हुने गरेको छ । अर्का कृषक इन्द्रबहादुर मगरले अनुसार नयाँ आधुनिक प्रजातिको सुगन्धा बेसार उत्पादन हुन थालेपछि खेती र उत्पादनमा वृद्धि भएको छ । उहाँले एक घरले वार्षिक झण्डै तीन लाखभन्दा माथि बेसार उत्पादन गरेर बिक्री गर्ने गरेको बताउनुभयो । किसान सन्तबहादुर मगरले २०७३ सालदेखि यस क्षेत्रको बेसार मङ्सिर पुस महिनातिरनै विराटनगरका व्यापारीले खरिद गर्न



आउने गरेको जानकारी दिनुभयो । पछिल्लो समय सिद्धिपुरवासीको आर्थिक आम्दानीको स्रोतनै बेसार भएको चौदण्डी-६ का वडासदस्य देवी मगरले बताउनुभयो । जिल्ला कृषि ज्ञान केन्द्र उदयपुरका अनुसार अहिले उदयपुर जिल्लामा ५५९ हेक्टर क्षेत्रफलमा बेसार उत्पादन हुँदै आएको छ ।

केन्द्रका सूचना अधिकारी तथा अधिकृत फूलमाया शेर्पाले सबैभन्दा बढी बेसार उत्पादन पाकेट क्षेत्रको रुपमा सिद्धिपुर क्षेत्र रहेको बताउनुभयो । यसैगरी त्रियुगा नगरपालिकाको साउने, खाँबु, रौतामाई गाउँपालिकाको आँपटार, उदयपुगढी गाउँपालिकाको भलायाडाँडा, डुम्रेसहित कटारी नगरपालिकाको रिस्कु सोमबारे र बेलका नगरपालिकाको मैनामैनी महत्वपूर्ण बेसार उत्पादन क्षेत्र रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । रासस

# छ प्रतिशतले बढेपछि कारोबार स्थगित

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक छ प्रतिशतले बढेपछिसोमबारको शेयर कारोबार स्थगित भएको छ । सोमबार बजार खुले लगत्तै परिसूचक चार प्रतिशतले वृद्धि भएको थियो ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार चार प्रतिशतले बजार बढेपछि पहिलो पटकका लागि २० मिनेटका लागि कारोबार स्थगित गरिएको थियो । त्यसपछि खुलेको बजारमा परिसूचक पाँच प्रतिशतले बढेपछि दोस्रो पटक ४० मिनेटका लागि कारोबार स्थगित गरिएको थियो ।

त्यसपछि पुनःकारोबार सुरु भएपछि नेप्से परिसूचकमा छ प्रतिशतको वृद्धि भएपछि सोमबारको कारोबार स्थगित भएको नेप्सेका प्रवक्ता मुरहरि




पराजुलीले जानकारी दिनुभयो ।

सोमबारको कारोबारमा नेप्से परिसूचक एक सय १७ दशमलव ७० अङ्कले उकालो लागेर दुई हजार ७८ मा पुगेको छ । विभिन्न पाँच कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सोमबार विभिन्न दुई सय ३७ कम्पनीका नौ लाख ३४ हजार नौ सय १९ कित्ता शेयर रु ३७ करोड ५२ लाख नौ हजार नौ सय ७८ मूल्यमा कारोबार भएका छन् । कारोबार भएकामध्ये दुई सय ३० कम्पनीको शेयर मूल्य उकालो लाग्दा दुई कम्पनीको मात्रै शेयर मूल्य घटेको छ । रासस

# सर्लाहीबाट सबैभन्दा बढी महिला वैदेशिक रोजगारीमा




**टुडे समाचारदाता**

मलंगवा । वैदेशिक रोजगारीका सिलसिलामा खाडी सहित अन्य मुलुकहरुमा जाने महिलाको सूचीमा मधेश प्रदेशबाट सर्लाही सबैभन्दा अग्रस्थानमा देखिएको छ । मधेश प्रदेशका ८ वटा जिल्लाहरु मध्ये सर्लाहीबाट सबैभन्दा बढी महिलाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएको तथ्यांकबाट देखिएको छ ।

हरिवन नगरपालिकाको सभाहलमा आयोजित सुरक्षित आप्रवासन (सामी) कार्यक्रममा प्रस्तुत गरिएको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/०८० मा सर्लाहीबाट मात्र वैदेशिक रोजगारीमा जानका लागि एक हजार १ सय २८ जना महिलाले श्रम स्वीकृति लिएकी छन् । यो सख्या मधेश प्रदेशका अन्य सातवटा जिल्लाभन्दा निकै नै बढी छ । मधेश प्रदेशका ८ वटै जिल्लाबाट भने तीन हजार ६ सय २३ जना महिलाले श्रम स्वीकृति लिएकी छन् ।

सामीका कार्यक्रम अधिकृत शिवचरण रौंनियारले प्रस्तुत गरेको तथ्यांक अनुसार बाराबाट ७९१, रौतहटबाट ३९९, महोत्तरीबाट २९५ जना महिलाले श्रम स्वीकृति लिएकी छन् । त्यस्तै धनुषाबाट २६८, पर्साबाट २६५, सप्तरीबाट २४८ र सिराहाबाट २२९ जना महिलाले श्रम स्वीकृति लिएको रौंनियारले प्रस्तुत गरेको तथ्यांकमा उल्लेख छ ।

त्यस्तै पुरुषतर्फ भने सर्लाही चौथो स्थानमा रहेको छ । यहाँबाट २२ हजार ९ सय ७ जनाले श्रम स्वीकृति लिएका छन् । मधेश प्रदेश अन्तर्गत पुरुषतर्फ धनुषाबाट सबैभन्दा बढी ३९ हजार ३ सय ११ जनाले श्रम स्वीकृति लिएको रौंनियारले बताए ।

त्यसैगरी सिराहाबाट २९ हजार ६ सय ९१, महोत्तरीबाट २८ हजार ५ सय ७६, सप्तरीबाट २१ हजार २ सय २५ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै रौतहटबाट १४ हजार ८ सय ९२, बाराबाट १३ हजार ८ सय २२ र पर्साबाट सात हजार ५ सय ६६ पुरुषले श्रम स्वीकृति लिएको तथ्यांकमा देखिएको छ ।

यो तथ्यांक सरकारी निकायबाट श्रम स्वीकृति लिएर जानेहरुको मात्र संख्या भएको तथा पर्यटक र विद्यार्थी लगायत अन्य भिसामा जानेहरुको संख्या समेत ठूलो रहेको रौंनियारले जानकारी दिए । रौंनियारका अनुसार गैरकानुनी ढंगले वैदेशिक रोजगारीका लागि भारत भएर जाने नेपालीहरुको संख्या समेत निकै रहेको छ ।

पत्रकार र प्रहरीहरुसँग अन्तरक्रिया लागि आयोजित कार्यक्रममा स्वीस सरकार र नेपाल सरकारको सहयोगमा सामी परियोजना अन्तर्गत सर्लाहीको हरिवन नगरपालिका सहित मलंगवा र बरहथवा नगरपालिका तथा चन्द्रनगर गाउँपालिकामा सूचना केन्द्र नै राखेर वैदेशिक रोजगारीमा जान लागेका, गएका र सम्बन्धित परिवारलाई सूचना प्रदान, सीप तालिम, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र न्यायमा पहुँच लगायत कार्यक्रमहरु भइरहेको सामीकी तारा पोखरेलले जानकारी दिइन् । त्यस्तै विना प्याकुरेल, दुर्गा कुमारी बढुवाल, मन्दिरा चौलागाईं लगायतले सामी कार्यक्रम अन्तर्गत हरिवनबाट भईरहेका सेवा प्रवाहका बारेमा जानकारी गराए ।

हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल), उपप्रमुख हरिमाया घलान, प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र सापकोटा, नेपाल पत्रकार महासंघ सर्लाहीका अध्यक्ष टंक बहादुर क्षेत्री, ईलाका प्रहरी कार्यालय हरिवनका प्रहरी नायब निरीक्षक (सई) भिमराज सुवेदी लगायतले वैदेशिक रोजगारीमा देखिएका समस्या, चुनौती तथा सरोकारवाला निकायले गर्नुपर्ने काम लगायतमा सल्लाह सुझाव सहितको मन्तव्य राखेका थिए ।

# मुलुकमा २० लाख भन्दा बढी एकल महिला



**टुडे समाचारदाता**

राजविराज । एकल महिलाको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक पक्षलाई सबल बनाई सशक्तीकरण गर्ने उद्देश्यले यहाँका एक सामाजिक संस्थाले अभियान थालेको छ ।

राजविराजस्थित एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र सप्तरीले सोमबार हनुमाननगर कंकालिनी नगरपालिकामा शाखा विस्तार गर्दै यस्तो अभियान सुरु गरेको छ ।

घरेलु हिंसा, गरिबी, दाइजो, घर निकाला, अशिक्षा लगायत विभिन्न कारणले कष्टकर जिवन बिताइरहेका एकल महिलाहरुलाई संगठित गरी क्षमता अभिवृद्धि, सीपमूलक तालिम तथा सचेतनाका विभिन्न कार्यक्रम मार्फत आत्मनिर्भर बनाउने उद्देश्यले यस्तो अभियान चलाइएको संस्थाकी प्रमुख जुही ठाकुरले बताइन् ।

हनुमाननगर कंकालिनी नगरपालिका १० इनरवा बजारमा बिस्तार गरिएको केन्द्रको शाखा क्रमशः जिल्लाका सबै १८ वटै पालिकामा विस्तार गर्दै अभियानलाई गति प्रदान गरिने उनको भनाइ छ ।

केन्द्रको उद्घाटन समारोहमा उनले मुलुकभर कुल २० लाख ४१ हजार ५ सय २० एकल महिला रहेको तथ्याङ्क समेत प्रस्तुत गरिन् । एकल महिलाको जीवनस्तरमा सुधार ल्याउन राज्यले धेरै नीति निर्माण र योजना ल्याएको बताइरहँदा पनि व्यवहारमा त्यस्तो नदेखिएको र कार्यान्वयन पक्ष अत्यन्त फितलो भएको उनले बताइन् ।

घरेलु हिंसाको शिकार हुनुका साथै एकल महिलाहरु स्वास्थ्य, शिक्षा, रोजगारी लगायतमा पहुँच हुन नसक्दा कष्टकर जीवन बिताउन बाध्य भएकाले उनीहरुलाई संगठित गरी आत्मनिर्भर र सबल बनाउने उद्देश्यले अभियान थालनी गरिएको संस्थाकी प्रमुख ठाकुरले बताइन् ।

सप्तरीमा झण्डै २० हजारको हाराहारीमा एकल महिला रहेको अनुमान गरिएको छ । यद्यपि यसबारे तथ्याङ्क संकलनको काम जारीरहेको उनले जानकारी दिइन् । उनले ठूलो संख्यामा एकल महिला रहे पनि हिंसामा परेका तथा घरवारविहीन भएका त्यस्ता महिलालाई सुरक्षित वास स्थानका लागि एउटा पनि महिला सेफ हाउस जिल्लामा नहुनु दुःखद विषय भएको बताइन् । सेफ हाउस नहुँदा पीडित महिलालाई सुरक्षित साथ राख्न समस्या हुने गरेको भन्दै उनले राज्यले अविलम्ब यसतर्फ ध्यान नदिए सबैको साथ र सहयोग लिएर निकट भविष्यमै केन्द्रले आफै सेफ हाउस निर्माणका लागि पहल गर्ने बताइन् ।

संस्थाकी कोषाध्यक्ष सरिता भगतले श्रीमान्को मृत्युपछि बेरोजगार भएका एकल महिलालाई घर चलाउन आर्थिक कठिनाईले सताउने गरेको भन्दै अभियान अन्तर्गत उनीहरुलाई आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिम समेत प्रदान गर्ने व्यवस्था मिलाइएको जानकारी दिइन् । उनले दक्ष प्रशिक्षकबाट प्रदान गरिने तालिमबाट एकल महिलाले उत्पादनमूलक रोजगारीको अवसर घरबाटै प्राप्त गर्ने विश्वास व्यक्त गरिन् ।

कार्यक्रमका प्रमुख अतिथि हनुमाननगर कांकालिनी नगरपालिकाका उपमेयर सरितादेवी यादव सिपलियाले एकल महिलाको जीवनस्तरमा सुधार र सशक्तीकरण क्षेत्रमा पालिकाको तर्फबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाइन् ।

केन्द्रकी प्रमुख ठाकुरको अध्यक्षतामा आयोजित कार्यक्रममा गैसस महासंघका केन्द्रीय उपाध्यक्ष ध्रुब देव, सगरमाथा अपाङ कल्याण समाजका अध्यक्ष बलदेव मण्डल, पत्रकार महासंघका राष्ट्रिय परिषद् सदस्य मनोज कुमार माझी, प्रभू महालक्ष्मी इन्स्योरेन्स कम्पनीका वरिष्ठ एजेन्सी म्यानेजर लक्ष्मण शर्मा, आयोजक संस्थाकी उपाध्यक्ष पिंकी झा, सचिव रेखा मण्डल लगायतले अभियानको प्रशंसा गर्दै सफलताको शुभकामना दिए ।

# तलब नपाएको भन्दैशिक्षकहरु धर्नामा



**टुडे समाचारदाता**

मलंगवा । माध्यमिक शिक्षा परीक्षा (एसइई) र वार्षिक परीक्षा नजिकिँदै गर्दा हरिपूर्वा नगरपालिकाका विद्यालय भने १६ दिनदेखि बन्द छ । नगरपालिकाभित्रका सम्पूर्ण १६ वटा सामुदायिक विद्यालय बन्द गरी शिक्षकहरु धर्नामा बसेका छन् ।

साउनदेखिको तलब नपाएको भन्दै शिक्षकहरु धर्नामा बसेपछि करिब पाँच हजार विद्यार्थी मारमा परेका छन् । यो वर्ष वडा नं. ५ स्थित केश्वर गरिब जनता माध्यमिक विद्यालय हरिपूर्वाबाट २३९ र वडा नं. ९ स्थित रामजानकी माध्यमिक विद्यालय वसन्तपुरबाट १३८ जना विद्यार्थीले एसइई परीक्षा दिँदै छन् । यी सबै विद्यार्थीले अहिले घरमै बसेर आफ्नै हिसाबले एसइईको तयारी गरिरहेका छन् ।

हरिपूर्वा नगरपालिकाको शिक्षा शाखाका प्रमुख जनक काफ्लेले शिक्षकहरुले तलब प्राप्त नहुन्जेल धर्ना जारी राख्ने भएकाले विद्यालय खुल्न नसकेको बताए । "साउनदेखि नै तलब नपाएका शिक्षकहरु तलब नपाउञ्जेल विद्यालय खोल्न तयार छैनन्, उनीहरुलाई पनि आठ महिनासम्म तलब नपाउँदा समस्या नै छ," शिक्षा अधिकृत काफ्लेले भने, "यसले गर्दा परीक्षाको तयारीमा रहेका विद्यार्थीलाई ठूलो मार परेका छन् ।"


हरिपूर्वामा तलब माग्दै कर्मचारी र स्वास्थ्यकर्मी माघ २८ गतेदेखि नै कार्यालय बन्द गरेर धर्नामा बसिरहेका छन् । केश्वर गरिब जनता माध्यमिक विद्यालयका केमेष्ट्री शिक्षक रन्जितकुमार यादवले तलब निकासा नहुञ्जेल अनिश्चितकालीन धर्ना नरोकिने बताए । हरिपूर्वा नगरपालिकाले फागुन ७ गते तनावका बीच नगरसभा गरेर बहुमतका आधारमा बजेट ल्याए पनि कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मा खाता सञ्चालन हुन नसक्दा तलब, भत्ता निकासा हुन सकेको छैन । प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) शम्भुप्रसाद यादवको नगरसभा सम्पन्न हुनुपूर्व नै सरुवा भइसकेको र कोलेनिकामा अझै खाता खुल्न नसकेकाले शिक्षक, कर्मचारीको तलब तथा वृद्धवृद्धा र अन्यको सामाजिक सुरक्षा भत्ता निकासाबारे अन्योल कायमै छ ।

रामजानकी माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तोषकुमार ठाकुरले कोलेनिकामा नगरपालिकाको खाता खुल्ने र त्यसपछि तलब भत्ता निकासा हुने भनी धेरै दिनदेखि सुन्दै आए पनि कुनै निष्कर्ष नआउँदा अन्योल भइ धर्नामा बसिरहेको बताए । "खाता खुल्ने प्रक्रियामा रहेको भन्ने सुनेको धेरै दिन भइसक्यो तर अझै खाता सञ्चालन नहुँदा हामीले धर्ना जारी राखेका हौं," प्रधानाध्यापक ठाकुरले भने ।

आन्दोलित शिक्षकले आठ-आठ महिनासम्म तलब नपाउँदा आफ्नो घर, व्यवहार नै चलाउन धौधौ परेपछि बाध्य भई विद्यार्थीलाई पढाईबाट वञ्चित गरेर धर्नामा बस्नुपरेको तर्क गर्दै आएका छन् । हरिपूर्वाका नगरप्रमुख विनोदकुमार साह तेलीले शिक्षक, कर्मचारीलाई झुटा आश्वासन दिएर काममा फर्काउन आफूलाई अप्ठेरो परेको गुनासो गरे ।

नगरप्रमुख साहले जतिसक्दो चाँडो तलब खुवाउनेतर्फ नै पहल गरिरहेको जानकारी दिए । कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका निमित्त प्रमुख पुरुषोत्तम बरालले हरिपूर्वाबाट अहिलेसम्म नगरसभा सम्पन्न भएको कागजात पेश नभएको बताए । उनले आफूलाई केही दिनअघिबाट आर्थिक अधिकारसमेत प्राप्त भएको बताउँदै हरिपूर्वाको हकमा नगरपालिकाले गर्नुपर्ने आन्तरिक काम सकेर कागजात पेश गरेपछि कागजात हेरेर खाता सञ्चालनको काम अघि बढ्ने बताए ।

# अपहरणको धम्की दिने तीनजना पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । छोरा अपहरण गरेको भन्दै धम्की दिई रकम असुली गर्न खोजेका तीनजनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा झापाको मेचीनगर नगरपालिका-६ का २६ वर्षीय सविन मैनाली, सोही नगरपालिकाको वडा नं. १० का २७ वर्षीय शुभम मैनाली र सुनसरीको धरान उप महानगरपालिका-३ का १९ वर्षीया आशिका बराइली रहेको धनुषा प्रहरीले जनाएको छ ।

आरोपितहरुले गत फागुन ५ गते बिहान सप्तरी राजविराज नगरपालिका वडा नं. ७ का पीडितलाई ह्वाट्स एपबाट कुराकानी गर्दै 'तपाईंको छोरा मेरो कब्जामा छ, छोरा चाहिन्छ भने मैले भने अनुसारको रकम पठाउनुस्, र यो कुरा अन्य कसैलाई जानकारी गराएमा तपाईको छोरालाई मारी दिन्छु' भन्दै धम्की दिएका थिए ।

पीडितलाई विभिन्न किसिमको डर त्रास धाकधम्की देखाइ विभिन्न व्यक्तिहरूको फरकफरक खातामा १२ लाख ८० हजार रुपैयाँ जम्मा गर्न लगाएको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक श्याम कुमार महतोले जानकारी दिए ।

उनीहरूले ह्वाट्स एपको प्रोफाइल पिक्चरमा प्रहरी वरिष्ठ अधिकृतको फोटो समेत दुरुपयोग गरेको देखिएको महतोले बताए ।

यस विषयमा अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले ठगीमा संलग्न देखिएका उनीहरूलाई फागुन १८ गते पक्राउ गरेको थियो । पीडितको जाहेरी अनुसार जिल्ला प्रहरी कार्यालय सप्तरीमा अनलाइन मार्फत ठगी (अनलाइन) शीर्षकमा मुद्दा दर्ता गरी सप्तरी जिल्ला अदालतबाट अनुसन्धानको लागि दिन ७ म्याद थप गरी अनुसन्धान भइरहेको महतोले बताए ।

# मोतिया विन्दुको निःशुल्क शल्यक्रिया



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दीमा २ सय ४१ जनाको आँखामा देखिएको मोतिया विन्दुको निःशुल्क शल्यक्रिया (अप्रेसन) गरिएको छ ।

लायन्स क्लब लालबन्दीले तिलगंगा आँखा उपचार केन्द्र काठमाण्डु, श्रीजानकी आँखा अस्पताल जनकपुरधाम र नेपाल रेडक्रस सोसाइटी उपशाखा लालबन्दीसँग समन्वय गरी आयोजना गरेको शिविरमा विभिन्न स्थानबाट आएका २ सय ४१ जना मोतिया विन्दुका बिरामीलाई निःशुल्क अप्रेसन गरेर पठाइएको छ । लायन्स क्लबले फागुन १२, १३ र १४ गते लालबन्दी, परवानिपुर र रानिगन्जमा निःशुल्क आँखा परीक्षण शिविर समेत राखेको थियो ।

ती शिविरमा फेला परेका मोतिया विन्दुका बिरामी तथा अन्य ठाउँमा आँखा जाँच गर्दा मोतिया विन्दु फेला परेका बिरामीलाई समेत निःशुल्क अप्रेसन गरेर पठाइएको लान्यस क्लब अफ लालबन्दी सिटीका पूर्व अध्यक्ष राजकुमार न्यौपानेले जानकारी दिए । न्यौपानेका अनुसार लालबन्दीसहित ईश्वरपुर, बरहथवा, मलंगवा, हरिपुरलगायत विभिन्न पालिकाका बिरामीले शिविरमा आएर मोतिया विन्दुको अप्रेसन गराएका छन् ।

आफ्नै ठाउँमा काठमाण्डु तथा जनकपुरधामबाट आएका नेत्ररोग विशेषज्ञबाट निःशुल्क मोतिया विन्दुको अप्रेसन गराउन पाउँदा वृद्धवृद्धाले खुसी व्यक्त गरेका छन् । लालबन्दी नगरपालिका ९ का ७३ वर्षीय रुद्र काफ्लेले आफ्नै ठाउँमा मोतिया विन्दुको अप्रेसन गराउन पाउँदा खुसी लागेको बताए ।

# २१ लाख नगदसहित पाँच जना पक्राउ



**टुडे समाचारदाता**

कलैया । हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा २१ लाख नगदसहित पाँच जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका-७ बस्ने मोतजार मियाको छोरा सोहिठाउ-४ मा आसिफ मनि चेन्जर सञ्चालन गरेका ३१ वर्षीय कलामुदिन अन्सारी, महागढीमाइ नगरपालिका-१ बस्ने जलिल मिया अन्सारीको ३९ वर्षीय छोरा मेराजुल हक अन्सारी रहेको बारा प्रहरीले जनाएको छ ।

यसैगरी भारतको बिहार राज्य मोतिहारी जिल्ला आदापुर थाना हरपुर पञ्चायत नायकाटोला बस्ने शम्भु साहका २९ वर्षीय छोरा रञ्जित सरार्फ, सोही ठाउँ श्यामपुर टोल बस्ने ४२ वर्षीय कृष्णालाल प्रसाद र अरेराज बस्ने ४० वर्षीय रविशंकर सिंह रहेको बाराका प्रहरी उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताए । फागुन १८ गते रञ्जितलाई अदालत नजिकैबाट नगद पाँच लाखसहित पक्राउ गरी अनुसन्धान सुरु गरेको छ । यसैगरी अन्य चार जनालाई भने आइतबार बेलुकी ४ बजे विश्रामपुर गाउँपालिका-१ छतवाबाट पक्राउ गरिएको उनले जानकारी दिए ।

उनीहरू भारतबाट बिआर ०५ एआर ३५०९ नम्बरको मोटरसाइकलबाट नेपाल आएपछि चेकजाँच गर्दा १६ लाख ९ हजार बरामद भएको छ । यसरी पक्राउ परेका माथि बैङ्क तथा बित्तीय संस्था सम्बन्धी कसुर मुद्दा दर्ता गरी जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी आवश्यक प्रक्रिया सुरु गरिएको प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए ।

साथै उनीहरू माथि मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २२ अन्तरगत मुद्रा सम्बन्धी कसुरमा थप अनुसन्धान सुरु गरिएको छ ।

नक्कली नोट कारोबारमा कानुनी व्यवस्था अनुसार १० वर्षसम्म कैद र एक लाखसम्म जरिवाना हुनसक्ने कानुनी प्रावधान रहेको कानुन व्यवसायी शिवनाथ प्रसाद यादवले बताए ।

# पोखरीमा डुबेर ४ वर्षीया बालिकाको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा सोमबार पोखरीमा डुबेर ४ वर्षीया बालिकाको मृत्यु भएको छ । जिल्लाको बोदेबर्साइन नगरपालिका-१ धनगढी टोल बस्ने प्रमोदकुमार साहकी छोरी ४ वर्षीया छोरी रितिकाकुमारी साहको पोखरीमा डुबेर मृत्यु भएको छ । प्रहरीका अनुसार सोही ठाउँस्थित सार्वजनिक पोखरीमा डुबेर बालिकाको मृत्यु भएको छ । घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८